# विधुर जातक

# Vidhura Jataka

लेखिका :
— सुश्री नानीमैयाँ मानन्धर



## विषय-सूची

विषय                                        पृष्ठ :

दुइ शब्द ........................................
वर्तमान कुरा ........................................
अतीत कुरा ........................................
उपोसथ-कण्ड ........................................
दोहद-कण्ड ........................................
मणि-कण्ड ........................................
अक्ष-कण्ड ........................................
घरबास-प्रश्न ........................................
लक्षण-कण्ड ........................................
राजकुल निवास-कण्ड ..............................
सत्पुरुष धर्म-कण्ड ..................................
कालागिरि-कण्ड ....................................

प्रकाशक :
श्री पन्नलाल मानन्धर,
कालिमाटी, काठमाडौं,
नेपाल ।

[सर्वाधिकार लेखिकामा सुरक्षित]

दुतीय संस्करण – १००० प्रति ।

बुद्ध सम्बत् – २५४९ – 2549
विक्रम सम्बत् – २०६२ – 2062
नेपाल सम्बत् – ११२५ – 1125
ईस्वी सम्बत् – २००६ – 2006

मूल्य : रु. ०० ।–
Price : Rs. 00 /-

कभर चित्र : भिक्षु शोभन ।

मुद्रक :



# समर्पण !

पूर्व १ नम्बर बनेपामा बुद्ध–धर्म प्रचारको
निमित्त शुरुदेखि योगदान दिने,
प्रारम्भको 'चन्द्रकीर्ति विहार' निर्माण कर्तामा
एक बलियो स्तम्भ,
दान दिनमा सदा तत्पर त्यागी, उदार हृदयी
मेरो परम् पूजनीय दिवंगत बज्यै
**ज्ञानमाया मानन्धर**को पुण्य स्मृतिमा

**सादर**

**समर्पित !**

# दुइ शब्द

'विधुर जातक' भगवान बुद्धको पूर्व जन्मको कथा हो । बुद्ध हुनु भन्दा पहिले बोधिसत्व भई दश पारमिता पूर्ण गर्ने सिलसिलामा उहाँ एक पल्ट विधुर पण्डित भई जन्म लिनु भएको थियो । त्यस जन्ममा उहाँले साठी योजन अग्लो काल पर्वतको शिखरमा बस्ने पुण्णक नामक यक्ष सेनापतिलाई प्रज्ञाज्ञानको बलले विनम्र गराई आफ्नो प्राण बचाएको थियो । साथै विधुर पण्डितले वरुण नागराजा, गरुडराज, देवराज इन्द्र र राजा कौरब्यलाई पनि धर्म उपदेशबाट मुग्ध गराई र ाख्दथ्यो । त्यस बेला उहाँले जम्बुद्वीपका सबै राजाहरूलाई आफ्नो धार्मिक प्रवचनले प्रसन्न गराई राख्दथ्यो ।

विधुर पण्डित विस्तृत प्रज्ञा भएको तुरन्त निर्णय गर्न सक्ने प्रज्ञा भएको तीक्ष्ण प्रज्ञा भएको, महान् प्रज्ञावान हुनु हुन्थ्यो । यसरी बोधिसत्व विधुर पण्डित भई जन्म लिई प्रज्ञा पारमिता पूर्ण गर्नु भएको थियो ।

विक्रम सम्बत २०२७ साल अर्थात् आज भन्दा करिब ३५ वर्ष पहिले 'नेपाल बौद्ध परियत्ति शिक्षा' को दशौं कक्षामा अध्ययन गर्दै थिएँ । उक्त कक्षामा जातक (षष्ठ खण्ड) को विधुर जातक समावेश गरिएको थियो । त्यस बेला परीक्षा दिनको निमित्त 'पढ्न सजिलो होस्' भन्ने मनसायले यो जातक



दुइ शब्द

हिन्दी भाषाबाट नेपाल भाषा (नेवारी) मा संक्षेपीकरणको रूपमा लेखेकी थिएँ ।

अतएवः 'विधुर जातक' परियत्ति विद्यार्थीको पहिलो सौगातको रूपमा प्रस्तुत भइरहेको छ । यसमा कहीं शब्दानुवाद छन् त कहीं भावानुवाद । कथावस्तुलाई छर्लङ्गाउने हेतुले अत्यावश्यक गाथा मात्र उद्धृत गरी दिएकी छु ।

विक्रम सम्बत २०३३ सालमा अनगारिका धम्मदस्सीको अनुरोधमा यस विधुर जातक नेपाल भाषाबाट नेपाली भाषामा अनुवाद गरें । उहाँले प्रकाशन गर्नु भई काठमाडौमा रहेका भन्ते-गुरुमांहरूलाई दान दिई रहेको किताव धरानमा लैजानु भयो । त्यस बेलादेखि विधुर जातकको अभाव महसूस भइरहेको थियो । लगभग ३० वर्ष बित्दा पनि दुतीय संस्करणको रूपमा यो पुस्तक प्रकाशनमा आउन सकेको थिएन ।

यस पालि जसरी भएपनि 'यो पुस्तक प्रकाशनमा ल्याउने' भन्ने निश्चय गरी कम्प्यूटरमा दिएँ । प्रुफ हेरेर तयार पनि गरें । संयोगले कालिमाटीमा बस्ने श्री कुमारी मानन्धरको सुपुत्र श्री रवि मानन्धर घरमा आउनु भयो । कुरै-कुराको सिलसिलामा विधुर जातक प्रकाशनको कुरा उठाएँ । उहाँले 'घरमा गई उहाँको पिताजी श्री पद्मलाल मानन्धरज्यूसँग एकपल्ट सल्लाह गर्छु' भन्नु भयो । केही दिनपछि टेलिफोनबाट उहाँले विधुर जातक प्रकाशन गर्ने आश्वासन दिनु भयो ।

श्री पद्मलाल मानन्धर उहाँकी श्रीमती श्री कुमारी मानन्धर तथा उहाँको सुपुत्र एवम् अन्य परिवारका सदस्यहरू धेरै वर्षदेखि बुद्ध-धर्मका अनुयायी हुनुहुन्छ र विपस्सी साधक-साधिका पनि हुनुहुन्छ ।

श्री पद्मलाल मानन्धरज्यूले विधुर जातक प्रकाशन गर्नु भई ठूलो पुण्यको कार्य गर्नु भएकोमा म उहाँलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । 'फेरि फेरि पनि यस्तो धर्म-दान कार्यमा अग्रसर हुन सकुन्' भन्ने कामना पनि गर्दछु ।

"चिरं तिट्ठतु सद्धम्मों"

– नानीमैयाँ

९४५/३२ लेखनाथ सडक;
कुमारी गल्ली, नयाँ बजार;
काठमाडौं, नेपाल ।
२०६२ फागुण १४ गते, महाशिवरात्री ।
फोन : ४३५८९९३

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

# विधुर जातक

"पण्डु किसियासि दुब्बला, वण्णरूपं न तवेदिसं पुरे ।
विमले अक्खाहि पुच्छिता, कीदिसी तुय्हं सरीरवेदना" ति ॥

[१३४६– विधुरजातक वण्णना (५४६)]

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा प्रज्ञा-पारमिता पूर्ण गर्नु भएको सम्बन्धमा आज्ञा गर्नु भएको हो ।

## क. वर्तमान कुरा

एक दिन भिक्षुहरूको धर्म सभामा यसरी कुराकानी भइरहेको थियो– "आयुष्मान्हरू, भगवान बुद्ध महान् प्रज्ञावान हुनुहुन्छ; विस्तृत प्रज्ञा भएको, प्रसन्न गर्न सक्ने प्रज्ञा भएको, तुरन्त निर्णय गर्न सक्ने प्रज्ञा भएको, तीक्ष्ण प्रज्ञावान हुनुहुन्छ । तथागतका प्रज्ञाले भेदन गर्न सक्छन्, अर्काको सिद्धान्तलाई खण्डन गर्न सक्छन् । तथागतले आफ्नो प्रज्ञा बलद्वारा क्षत्रीय



पण्डितहरूले सुनी राखेका सूक्ष्मतिसूक्ष्म प्रश्नको समाधान गरी तिनीहरूलाई विनम्र गराई त्रि-शरण तथा पञ्चशीलमा प्रतिष्ठित गराउन सक्नुहुन्छ । निर्वाण जाने मार्गमा आरूढ गराउन सक्नुहुन्छ ।

यसरी भगवान बुद्धको प्रज्ञाको विषयमा प्रशंसा गरिरहेको बेला तथागत त्यहाँ आइपुग्नु भयो । भगवान बुद्धले प्रश्न गर्नु भयो– "भिक्षुहरू ! तिमीहरूले कुन विषयमा छलफल गरिरहेका थियौ ?"

भिक्षुहरूले त्यहाँ भइरहेको कुरो निवेदन गरे । भिक्षुहरूको कुरा सुनेर भगवान बुद्धले भन्नुभयो– "भिक्षुहरू ! तथागतले बुद्धत्व प्राप्त गरिसकेपछि अरूको सिद्धान्तलाई खण्डन गरी, क्षत्रीय आदिलाई विनम्र गरेकोमा के आश्चर्य ! बुद्धत्व प्राप्त गर्नु भन्दा पहिले अर्थात् बोधिसत्व हुँदा उहाँले अर्काको सिद्धान्तलाई खण्डन-मण्डन गर्न सक्नु हुन्थ्यो । म 'विधुर-कुमार' भई जन्म लिंदाखेरी साठी योजन अग्लो काल-पर्वतको शिखरमा बस्ने पुण्णक नामक यक्ष-सेनापतिलाई ज्ञान-बलले जितें, विनम्र गराई आफ्नो प्राण बचाएको थिएँ ।"

यसो भन्नु भई तथागतले पूर्व जन्मको कुरो यसरी व्याख्यान गर्नु भयो ।

# ख. अतित–कुरा

पहिले कुरु राष्ट्रको इन्द्र प्रस्थ नगरमा धनञ्चय नामक कौरव्य राजाले राज्य गरिरहेको थियो । विधुर–पण्डित उनको अमात्य (सचीव) थियो । ती पण्डित नम्रतापूर्वक कुरा गर्ने महान् धार्मिक वक्ता थियो । जसरी हस्तिकान्त वीणाको मधुर स्वरले हात्तीलाई मन मुग्ध पार्दथ्यो; त्यस्तै विधुर-पण्डितले जम्बुद्वीपका सबै राजाहरूलाई आफ्ना धार्मिक प्रवचनले लुब्ध गराई राख्दथ्यो । ती पण्डितलाई तिनीहरूले आफ्ना राज्यको सीमादेखि बाहिरसम्म पनि पठाउँदैन्थे । उनले भगवान बुद्धले झैं जनताहरूलाई धर्मोपदेश दिई सबैले कदर गराई त्यस नगरमा बसिरहेको थियो ।

# उपोसथ–कण्ड

बनारसमा चार गृहस्थ ब्राह्मण मित्रहरू काम-भोगमा दोष देखी ऋषि-प्रवज्या ग्रहण गरी हिमालयमा बस्दथे । त्यहाँ अभिज्ञा तथा समापत्ति ध्यान लाभ गरी कन्दमूल आहार गरी तिनीहरू चीरकालसम्म त्यतै बसिरहेका थिए । पछि तिनीहरू नून-अमिलो सेवनको लागि चारिका गर्दै अङ्ग–राष्ट्रको कालचम्पा नगरमा पुगी राज-उद्यानमा बास बसे । भोलिपल्ट भिक्षाको निमित्त तिनीहरूले शहर भित्र चारिका गरे । त्यस शहरका चार गृहस्थ-मित्रहरूले तिनीहरूको शील-स्वभाव देखी खुशी भई चारै जनाले चार ऋषिहरूलाई आ-आफ्ना घरमा लगी, सन्तोषपूर्वक भोजन गराई त्यही उद्यानमा बस्ने व्यवस्था गराई राखे । चारै जना तपस्वीहरू चार गृहस्थहरू कहाँ भोजन सिध्याएर दिउँसो आराम लिनको निमित्त चार विभिन्न स्थानमा गए । तिनीहरू मध्ये एकजना त्राय–तिंश भवन, अर्को नाग–भवन, तेस्रो गरुड–भवन र चौथो कौरव्य राजाको मृगोद्यानमा गएका थिए ।

तिनीहरू मध्ये देवलोकमा गई दिन बिताउनेले शक्र देवराज इन्द्रको ऐश्वर्य हेरेर त्यहाँको बयान आफ्ना सेवकलाई भन्ने गर्थ्यो । त्यस्तै नाग-भवनमा गई दिन काट्नेले नाग–भवनको सम्पत्तिको वर्णन, गरुड-भवनमा गई दिन बिताउनेले गरुड–भवनको वैभवको वर्णन र कौरव्य राजाको उद्यानमा समय बिताउनेले धनञ्चय राजाको श्री शोभा देखी त्यसको महिमा आ-आफ्ना सेवकहरूलाई बताउने गर्थे । त्यसैले ती

चारै जना गृहस्थहरूले ती-ती श्री सम्पत्तिको कामना गरे । दानादि पुण्य कर्म गरी आयु समाप्ति पछि एक शक्र देवराज इन्द्र भई उत्पन्न भयो । दोस्रो पत्नी-पुत्र सहित नाग-भवनमा नागराजा भई उत्पन्न भयो । तेस्रो सिम्बली-दह विमानमा गरुड-राजा भई उत्पति भयो । चौथो धनञ्चय राजाको पट-रानीको कोखबाट कौरव्य कुमार जन्म भयो । ती तपस्वीहरू पनि ब्रह्मलोकमा उत्पन्न हुन गए ।

कौरव्य कुमार ठूलो भइसकेपछि बाबुचाहिं स्वर्गीय भयो । अनि राज्यको उत्तराधिकारी भई उनले धर्मानुसार राज्य चलायो । हुनत ती राजा त्रिंपासा खेल्नमा साह्रै आनन्दित मान्थ्यो । उनी विधुर पण्डितका उपदेशानुसार दान दिने, शील पालन गर्ने, उपोसथ ब्रत बस्ने गर्दथ्यो ।

एक दिन कौरव्य राजा उपोसथ ब्रत बसी एकान्त स्थानमा बस्ने इच्छाले उद्यानमा गई एक योग्य स्थानमा बसी श्रमण-धर्म पालन गरिरहचो । शक्र देवराज इन्द्र पनि उपोसथ ब्रतमा बसी 'देवलोकमा विघ्न हुन्छ' भनी त्यसै उद्यानमा आई एक सुन्दर स्थानमा बसेर श्रमण-धर्म पालन गऱ्यो । त्यस्तै वरुण नाग-राज र गरुड-राज पनि उपोसथ ब्रतमा बसेकाले 'आ-आफ्ना निवासस्थानमा विघ्न बाधा आइपर्छ' भन्ने हेतुले त्यसै उद्यानको एक-एक रमणीय स्थान हेरी श्रमण-धर्म पालन गरे ।

सन्ध्याकालमा तिनीहरू चारै जना आ-आफ्ना स्थानबाट बाहिर निस्की मङ्गल-पोखरी (पुस्करिणी) को छेउमा एकत्रित



भए । तिनीहरू परस्पर एकले अर्कालाई देख्दा पूर्व-स्नेहको कारणले एक चित्त तथा प्रमुदित मन भई परस्पर मैत्रीभाव चित्तले कुशल समाचार सोधे । शक्र देवराज इन्द्र मङ्गल-शिलामा बस्यो । अरूहरू पनि आ-आफ्ना योग्य-स्थानका बसे ।

शक्र देवराज इन्द्रले सोध्यो– "हामी चारै जना राजा हौं । तर हामी मध्ये कसको शील श्रेष्ठ छ ?"

वरुण नागराजाले उत्तर दियो– "तिमीहरू तीन जनाको शील भन्दा मेरो शील श्रेष्ठ छ । किनकि यो गरुड-राजा हाम्रा जातिका उत्पन्न वा अनुत्पन्न सबैका शत्रु हो । मैले आफ्नो यस्तो जीवन नाशक शत्रुलाई देखेर पनि रिस उठाइन । त्यसैले मेरो शील श्रेष्ठ छ" भनी तलको गाथाद्वारा व्यक्त गरे–

"यो कोपनेय्ये न करोति कोपं,
न कुज्झति सप्पुरिसो कदाचि ।
कुद्धोपि सो नाविकरोति कोपं,
तं वे नरं समणमाहु लोके"ति ॥

[जा. १. १०. २४]

अर्थ – जसले क्रोध गर्नुपर्ने व्यक्तिमाथि क्रोध गर्दैन; जसले सत्पुरुष प्रति कहिल्यै क्रोध दर्शाउँदैन, फेरि रिस उठेतापनि रिस प्रकट गर्दैन; त्यस्तो व्यक्तिलाई लोकमा 'श्रमण' भनिन्छ ।

'मसँग यी गुणहरू भएकोले मेरो शील श्रेष्ठ छ ।'

यो कुरो सुनी गरुड-राजले विचार गऱ्यो– "यो नाग मेरो अग्र भोजन हो । तैपनि मैले यसलाई खाइन । भोकलाई सहेर बसें । खानुको निमित्त मैले पाप गरिन । त्यसैले मेरो शील नै श्रेष्ठ छ ।" यसो भनी उनले तलको गाथा सुनायो–

"ऊनूदरो यो सहते जिघच्छं,
दन्तो तपस्सी मितपाणभोजनो ।
आहारहेतु न करोति पापं,
तं वे नरं समणमाहु लोके"ति ॥

[जा. १. १०. २५]

अर्थ – जसले भोक सहन्छ, संयमी हुन्छ, तपस्वी बनी मात्रा अनुसार भोजन गर्दछ, त्यस्तो मानिसलाई लोकमा 'श्रमण' भनिन्छ ।

अनि शक्र देवेन्द्रले भन्यो– "म नाना प्रकारका देव-सुख सम्पत्तिलाई छोडी शील रक्षाको निमित्त मनुष्य लोकमा आएको हुँ । त्यसैले मेरो शील श्रेष्ठ छ" भनी तलको गाथा सुनायो–

"खिड्डं रतिं विप्पजहित्वान सब्बं,
न चालिकं भासति किञ्चि लोके ।
विभूसट्ठाना विरतो मेथुनस्मा,
तं वे नरं समणमाहु लोके"ति ॥

[जा. १. १०. २६]

अर्थ – सबै क्रोध, रतिलाई छोडी, कुनै प्रकारका



झुठ नबोलिकन, गहना, आदि मैथुन क्रियादेखि जो व्यक्ति टाढा बस्दछ– त्यस्तो व्यक्तिलाई लोकमा 'श्रमण' भनिन्छ ।

यी कुरा सुनी कौरव्य राजाले भन्यो– "म आज महान् परिग्रह सोह्र हजार नर्तकीहरूले भरिएको रनिवास छोडेर उद्यानमा श्रमण-धर्म गरिरहें । त्यसैले मेरो शील श्रेष्ठ छ" भनी निम्न गाथा सुनायो–

"परिग्गहं लोभधम्मञ्च सब्बं,
यो वे परिञ्ञाय परिच्चजेति ।
दन्तं ठितत्तं अममं निरासं,
तं वे नरं समणमाहु लोके"ति ॥

[जा. १. १०. २७]

अर्थ – जसले सबै परिग्रह तथा लोभ-धर्मलाई जानेर त्यसलाई छोडी संयमित बन्छ; स्थिर हुन्छ, अभिमान रहित, आसक्ति रहित हुन्छ, त्यस्तो व्यक्तिलाई लोकमा 'श्रमण' भनिन्छ ।

यसरी ती सबैले आ-आफ्नो शीलको श्रेष्ठता दर्शाएकोले पछि तिनीहरूले कौरव्य राजासँग सोधे– "महाराज ! तपाईंकहाँ त्यस्तो कोही पण्डित छ, जसले यी सबै शङ्का निवारण गराइदिन सक्छ ?"

राजाले भन्यो– "म कहाँ अर्थ-धर्मानुशासक विधुर पण्डित छ । उनले हाम्रा शङ्का मेटाइदिन सक्छ । हामी उनै कहाँ जाउँ ।"

तिनीहरूले कौरव्य राजाको कुरालाई स्वीकारे । तिनीहरू सबै धर्म-सभामा पुगे ।

विधुर पण्डितलाई श्रेष्ठ आसनमा राखी तिनीहरू एकातिर बसे । कुशल-समाचार पछि तिनीहरूले आ-आफ्ना शङ्का निवारण गर्न निम्न श्लोक सुनाए–

"खन्तिं हवे भासति नागराजा,
अप्पाहारं गरुलो वेनतेय्यो ।
गन्धब्बराजा रतिविप्पहानं,
अकिञ्चनं कुरूनं राजसेट्ठो"ति ॥

[जा. १. १०. ३१]

अर्थ – नागराजाले 'शान्तिको' कुरो गऱ्यो, गरुडले अल्पाहारको महिमा दर्शायो । गन्धर्व राजाले काम-वासना त्याग गऱ्यो र श्रेष्ठ कौरव-राजा पनि अकिञ्चन (जोसँग केही नभएको जस्तो) भइरहेको छ ।

तिनीहरूको कुरा सुनी विधुर कुमारले उत्तर दियो– "यी सबै कुरा राम्रा छन् । यसमा असत्य कुरो देखिंदैन । जसरी चक्रको मध्य भागमा डण्डा ठीक अवस्थामा रहन्छ । त्यस्तै जुन व्यक्तिमा यी चारै गुणले युक्त हुन्छ, त्यसैलाई लोकमा 'श्रमण' भनिन्छ ।"

यस प्रकार चारैजनाको शीलमा समानता दर्शाइएकोले तिनीहरू चारै जना प्रसन्न भई उनलाई प्रशंसा गरे– "तिमी



अत्यन्त श्रेष्ठ रहेछौ । धर्मज्ञ र धर्मको यथार्थतालाई जान्ने रहेछौ । पण्डित छौ । जसरी दन्तकार (Dentist) ले कैंचिको बलले हात्तीको दन्त झिकिदिन्थ्यो; त्यस्तै तिम्रो प्रज्ञा-बलले हाम्रो शङ्का निवारण गरिदियौ ।"

यसरी चारैजना आ-आफ्ना शङ्का समाधान भएकोमा सन्तुष्ट भई शक्र देवराज इन्द्रले उनलाई दिव्य-वस्त्रले पूजा गऱ्यो । गरुड-राजाले सुनको माला लगाई दियो । वरुण नागराजाले मणिले पूजा गऱ्यो र राजा कौरव्यले हजारौं गाई आदिले युक्त रथ पूजा स्वरूप प्रदान गऱ्यो । त्यसपछि तिनीहरू सबै आ-आफ्ना निवासस्थानमा फर्केर गए ।

'उपोसथ-कण्ड समाप्त ।'

# दोहद–कण्ड

वरुण नागराजाको धर्म-पत्नीको नाम विमला देवी थियो । तिनले आफ्ना पतिसँग मणि नदेखेकीले 'मणि खोइ' भनी सोधिन् ।

नागराजाले भन्यो– "हे कल्याणी ! चन्द्र ब्राह्मणको छोरो विधुर पण्डितको धर्म-कथन सुनेर मलाई श्रद्धा उत्पन्न भयो । त्यस मणिले मैले उनलाई पूजा गरिसकें । मैले मात्र त्यस बहुमूल्य मणिले पूजा गरेको होइन । अपितु शक्र देवराज इन्द्रले दिव्य वस्त्रले, गरुड-राजले स्वर्णमालाले र धनञ्जय राजाले हजारौं गाई आदि रथले पूजा गरे ।"

विमला देवीले सोधिन्– "आर्य ! के उहाँ धर्म-कथिक हुनुहुन्छ ?"

नागराजाले भन्यो– "देवी उनको विषयमा कुरा गरेर साध्यै छैन । विधुर पण्डितको प्रभावले जम्बुद्वीपमा बुद्धोत्पादका समय जस्तो छ । सारा जम्बुद्वीपका राजाहरू उनको मधुर वाणीले मन्त्र-मुग्ध छन् ।"

यसरी विधुर पण्डितको गुण वर्णन सुनी विमला देवीले उनको धार्मिक प्रवचन सुन्ने इच्छा गरिन् । तिनले विचार गरिन्– "यदि मैले 'आर्यलाई विधुर पण्डितको धर्मोपदेश सुन्न मन लाग्यो, उनलाई यहाँ लिएर आउनु भनेमा' पण्डितलाई



यहाँ लिएर आउँदैन । बरु 'मलाई दोहद' (पेट बोकेको स्त्रीको इच्छा) उत्पन्न भयो' भनी रोगी हुने भान गर्नु पर्‍यो ।"

विमला देवीले त्यस्तै गरी सेविकाहरूलाई यस कुराको सूचना दिई ओछ्यानमा पल्टिरहिन् ।

नागराजाले उनको सेवामा विमला आउने समय भएर पनि नआएकोले सेविकाहरूसँग सोध्यो– "विमला देवी कहाँ छिन् ?"

तिनीहरूले बिन्ति गरे– "महाराज, विमला देवी बिरामी भइरहेकी छिन् ।"

यो कुरो सुनी नागराजा विमला देवी कहाँ गई तिनको शरीरमा हातले सुम्सुम्याउँदै भन्यो– "विमला ! तिमी पाण्डु-वर्ण भयौ । तिमी दुर्बल भयौ । तिम्रो रूप-रङ्ग पनि पहिले जस्तो छैन । विमला ! तिमीलाई के भयो ? तिम्रो शरीरमा केही कष्ट भयो कि ? तिमीलाई भएको के ? भन, विमला !"

नागराजाको यस्तो प्रश्न सुनी विमला देवीले उत्तर दिइन्– "हे जनेन्द्र ! मनुष्य-योनीमा स्त्री-स्वभावानुसार तिनलाई 'दोहद' उत्पन्न हुन् सक्छन् । त्यसैले हे नाग-श्रेष्ठ ! मलाई पनि धर्मानुसार ल्याइएको विधुर पण्डितको हृदय चाहियो ।"

राजाले भन्यो– "चन्द्र, सूर्य अथवा वायुको निमित्त 'दोहद' उत्पन्न गर्नु सम्भव हुन्छ । तर विधुर पण्डितको दर्शन मात्र पनि दुर्लभ छ भने उनलाई यहाँ कसले ल्याउन सक्छ ?"

विमला देवीले भनिन्– “यदि विधुर पण्डितको हृदय ल्याउन सकेन भने म मर्ने निश्चत छ ।”

यति भनी तिनी कोल्टो फर्किन् । अनि आफ्नो पछ्यौर ाको छेऊले अनुहार छोपिरहिन् ।

नागराजा आफ्नो भवनमा फर्केर ओछ्यानमा बस्दै यसरी अनुमान लगायो– “विमला देवीले विधुर पण्डितको हृदय-मांसको इच्छा गरेको हुनुपर्छ । यदि हृदय-मांस नभएको खण्डमा तिनले प्राण त्याग्न पनि के वेर !”

उनले फेरि विचार गऱ्यो– “पण्डितको हृदय-मांस के उपायद्वारा प्राप्त गर्ने ?”

नागराजाको एक पुत्री ‘इरन्दति’ नामक नाग-कन्या थिइन् । तिनी सबै अलंकारले अलंकृत भई पिताको सेवामा आइन् । पितालाई अभिवादन गरी एकातिर उभिरहिन् । तिनले पिताको मलिन अनुहार देखी भनिन्– “पिताजी ! आज तपाईं साह्रै दुखित् देखिन्छ । तपाईंले के को चिन्ता गर्नु भयो ? हजुरको रूप सुकेको कमलको फूल झैं देखिन्छ । यसको कारण के ?”

नाग-कन्याको यी वाक्य सुनी नागराजाले यथार्थ कुरा बतायो– “पुत्री ! तिम्रो मुमाले विधुर पण्डितको हृदयको इच्छा गरिन् । तर यो सम्भव छैन । यो मेरो समर्थ बाहिरको कुरा हो । तिमीले सके तिम्री मुमाको जीवन-दान देऊ ।



तिमी यस्तो पतिको खोजीमा जाऊ जसले विधुर पण्डितलाई ल्याउन सक्नेछ ।”

पिताको आदेशानुसार योग्य वर प्राप्त गर्नको निमित्त राति नै तिनी निस्किन् । घुम्दै-फिर्दै तिनले हिमालयमा रहेका वर्ण-गन्ध-रस सम्पन्न फूल लिइन् । सबै पर्वतमा अनर्ध (अमूल्य) मणि समान सजाएर त्यस माथि फूलको आसन बनाइन् । अनि आकर्षक हुने किसिमले नाच्दै तिनको मधुर गीत गुञ्जनमा यी कुरो प्रष्ट पारिन्– “गन्धर्व, राक्षस, किन्नर तथा मनुष्य मध्ये कुन त्यस्तो पण्डित छ, जसले मेरो सबै कामना पूर्ण गराई दीर्घकालसम्म मेरी स्वामी बन्नेछ ?”

त्यस समय कुवेर (वैश्रवण) राजाका पुण्णक भन्ने एकजना भाञ्जा थियो । पुण्णक यक्षहरूको सेनापति थियो । ऊ तीन गब्यूति मनोमय सिन्धु पार तरी काल-पर्वत माथि मनोशिला मुनि हुने यक्ष-सम्मेलनमा गइरहेको थियो । त्यसै बेला पुण्णकले इरन्दतिले गीत गाएको स्वर सुन्यो । इरन्दति नागकन्याको स्वरले उसलाई पूर्व-स्नेह उत्पन्न भयो । किनभने इरन्दति उसकी पूर्व-जन्मकी धर्म-पत्नी थिइन् । त्यसै कारणले गर्दा पुण्णक नागकन्या प्रति आसक्त भयो । उसको पाइला रोकियो । ऊ त्यहीं रोकी पुण्णकले आफ्ना मनोभाव यसरी व्यक्त गऱ्यो– “हे सुन्दरी ! मैले आफ्नो प्रज्ञाको बलले न्यायपूर्वक तिम्रो सबै कामना पूर्ण गराई दिन्छु । यसमा

तिमीले विश्वास गर । म तिम्रो पति हुनेछु । तिमी मेरी पत्नी हुनेछौ ।"

इरन्दतिले पनि पूर्व जन्मको सम्बन्धको कारणले गर्दा यो कुरो स्वीकार गरी उसलाई नागराजा कहाँ लिएर गइन् । पुण्णकले पनि नागराजा कहाँ गई सयौं संख्यामा घोडा, हात्ती, गधा, ना-ना रत्नले अलंकृत गरिएका रथ, आदि उचित मूल्य तिरी इरन्दति आफ्नी पत्नीको रूपमा लिने कुरो उठायो । वरुण नागराजाले आफ्ना परिवार र इष्ट-मित्रहरूसँग सोधी यदि उचित ठहरेमा इरन्दति दिनेछु' भनी उत्तर दिई आफ्नी पत्नी विमला देवी कहाँ गयो । तिनलाई पुण्णकले प्रशस्त धन दिई कन्या मागेको कुरो बतायो । विमला देवीले धन सम्पत्तिको लोभमा आफ्नी छोरी दिने इच्छा गरिनन् । बरु धनको सत्तामा न्याय पूर्वक, शान्ति पूर्वक पण्डितको हृदय ल्याइदिएको खण्डमा उसलाई कन्या दिने निश्चय गरिन् । यो कुरो सुनेर नागराजाले पुण्णकलाई बोलाई यसो भन्यो– "यदि पण्डितको हृदय बिना जबर्जस्ति ल्याइदिन सके कुमारीलाई खुशीसाथ तिमीलाई दिई पठाउँछु ।"

पुण्णकले सोध्यो– "लोकमा उही व्यक्तिलाई एकले 'पण्डित' भने अर्कोले 'मूर्ख' भन्छन् । त्यसैले मलाई भन्नुहोस्– "तपाईले पण्डित भन्ने व्यक्ति को हो ?"

नागराजाले कौरव्य-राजा धनञ्जयको राज्यमा 'विधुर' भन्ने पण्डितको परिचय दियो । 'उनै पण्डितलाई धर्मानुपूर्वक त्यहाँ ल्याइदिन सकेमा इरन्दति उसको चरणदासी हुनेछ' भन्ने कुरो दोहऱ्यायो । वरुण नागराजाको यस उत्तरले पुण्णक साह्रै खुशी भयो । उसले आफ्ना दासहरूलाई असल घोडालाई राम्रोसँग सजाएर ल्याउने अनुमति दियो ।



पुण्णक नाना अलंकारले अलंकृत गरिएको देव-रथ जस्तो घोडा चढी आकाश-मार्गबाट कुवेर कहाँ पुग्यो । इरन्दतिको सुन्दरतामा मोहित, काम-वासनामा वशीभूत भएको पुण्णकले यशस्वी वैश्रवण कुवेर राजाको समक्ष वरुण नागको नाग-भवनको विषयमा यसरी वर्णन गऱ्यो– "भोगवती भन्ने नाम भएको भवनमा 'वास' र 'हिरण्य-वती' भन्ने स्थान छन्, ती स्वर्ण-मय नगर नागहरूका वासस्थान हुन् । त्यसको अट्टालिका ओष्ठ तथा ग्रीवाकार, रक्तवर्ण मणि तथा स्फटिकले बनिएका छन् । यो प्रासाद शिलामय छ, जसमा स्वर्ण नामक रत्नले जडिएका छन् । आँप, तिलक, जमुना, शतपर्ण, मुचलिन्द, केतक, उद्धारक, चम्पक आदि रूखहरूले गर्दा नाग-भवनको शोभा झन बढेका छन् । खजूर-बोट इन्द्रनील-मणि झैं देखिन्छ । त्यसमा सँधैं स्वर्ण-वर्ण भएको फूलले सुशोभित भइरहन्थे । त्यस स्थानमा वरुण-नागराजा विराजमान भइरहेको छ । उनी महाप्रतापी, विना माता-पिताले उत्पन्न भएको हो । उनको विमला देवी नामक धर्म-पत्नी छिन् । तिनको शरीर सुनको डल्ला झैं पहेंलो छ । तिनको अग्लाई काल-लता झैं देखिन्छ र स्तन निवुवा झैं छन् । अङ्ग प्रत्यङ्गबाटै तिनको

सुन्दरता झल्किन्छ । तिनी स्वर्गकी अप्सरा जस्तै देखिन्छे । बिजुली जस्तै चम्किन्छे । ती पवित्र नारीलाई अहिले 'दोहद' उत्पन्न भइरहको छ । तिनले विधुरको हृदयको इच्छा गरिन् । त्यसकारण मैले तिनलाई विधुर पण्डितको हृदय दिन्छु, जसबाट मलाई इरन्दति प्राप्त हुन्छ ।"

वैश्रवण कुवेरको अनुमति विना पुण्णकले जाने साहस गर्न नसकी यति लामो विवरण पेश गरिरहेको थियो । तर वैश्रवणको ध्यान अर्कै तिर लागेको थियो । उनी दुइ देवपुत्रहरूको विमानको विषयमा भइरहेको झगडा छिन्न निमग्न भइरहेको थियो । यो कुरो पुण्णकले थाहा पाई केही बेर ऊ चुपचाप बसिरहयो । वैश्रवणले तिनीहरूको झगडा छिनिसकेपछि जित्नेलाई 'तिमी आफ्नो विमानमा गएर बस' भनी आज्ञा दियो । पुण्णकले तुरन्त कोही देवपुत्रहरूलाई 'उसलाई जाऊ भनेका हुन्' भन्ने साक्षी राखी घोडा चढी बाहिर निस्क्यो ।

पुण्णकले आकाश-मार्गबाट जाँदा-जाँदै यसरी विचार गर्‍यो– "विधुर पण्डितका धेरै मानिस छन् । मैले उसलाई फेला पार्न सक्दिन । अँ, कौरव्य राजा धनञ्जयको जुवा खेल्नमा साह्रै सोंख छ रे । उसलाई जुवाले नै जितेर विधुर पण्डित मेरो हातमा पार्नु पर्ला । राजाको दरवारमा बहुमूल्य रत्नहरू प्रशस्त छन् । त्यसैले उसले मामुलि शर्तमा जुवा खेल्दैन । मैले निकै बहुमूल्य रत्नहरू लिएर जानु पर्ला ।



किनकि साधारण रत्नमा राजाको आँखा जाँदैन । राजगृह नगर सँगै वैपुल्य पर्वत भित्र चक्रवर्ति राजाहरूलाई सुहाउने अत्यन्त तेजस्वी मणि-रत्न छन् । त्यही लिएर गई लोभ दर्शाई राजालाई जित्नु पर्ला ।"

यति विचार गरी ऊ राजगृह नगर आइपुग्यो । यो नगर निकै खाद्य सामग्रीले परिपूर्ण भएकोले इन्द्रको मसक्कसार भवन जस्तो देखिन्थ्यो । त्यहाँ मयूर, क्रोञ्च (हाँस) र अनेक प्रकारका पंछिहरूका कल्लोल शब्दले गुञ्जित भइरहन्थे । सुन्दर उद्यान हिमालय पर्वतमा जस्तै विभिन्न प्रकारका फूलहरूले सुशोभित भएका देखिन्थे ।

पुण्णक पट्टरका अग्ला किम्पुरुषहरूले किन्नरहरूलाई बनाई राखेका वैपुल्य पर्वत माथि चढ्यो । बिजुलि झैं चम्केका चमकदार श्रेष्ठ अनर्घ मणि-रत्न खोजेर भेट्टायो । उसले त्यस महान्, मूल्यवान्, मनोहर मणिरत्न लिएर घोडा चढी आकाश मार्गबाट इन्द्रप्रस्थ नगरमा पुग्यो । त्यहाँ घोडाबाट ओर्ली उत्तर कुरुहरूको एकसय राजाहरूका सभासद्मा स्थिर भावले उभिएर यसरी ललकार गर्‍यो– "तपाईहरू सबै राजाहरू मध्ये कसले मेरो श्रेष्ठ धन जितेर लिन सक्नु हुन्छ अथवा मैले कसको धन जितेर लिउँ ? मैले कसलाई श्रेष्ठ धनबाट जितुँ अथवा कसले मलाई श्रेष्ठ धनबाट जित्न सक्नु हुन्छ ?"

यस प्रकारका उसका चारै वाक्य कौरवहरूलाई नै पर्न गए । राजाले मनमनै सोच्यो– "यो भन्दा पहिले यसरी

बीर भई कसैले कुरा गर्न आएको थिएन । यसकारण 'यो को हो ? यसको परिचय लिनु पऱ्यो' भनी उसलाई बोलाएर सोध्यो– "हे आगन्तुक ! तिमी को हौ ? तिम्रो जन्मभूमि कहाँ ? तिम्रो यो स्वर कुरु देशवासीहरूका स्वर जस्तो छैन । तिमीले आफ्नो प्रतिभाले सबैलाई प्रभावित पाऱ्यौ । तिम्रो नाम के; बान्धव को हुन्; भन ।"

राजाको यस प्रश्न सुनी पुण्णकले विचार गऱ्यो– "यो राजाले मेरो नाम सोध्यो । पुण्णक नाम दासहरूका नाम हुन् । यदि मेरो नाम 'पुण्णक' भनेमा यसले मलाई दास भनी कत्ति पनि मान्यता राख्दैन । वरु पूर्व-जन्मको नाम भनेर भए पनि आफ्नो स्वार्थ सिद्ध गर्नु पऱ्यो ।"

यस्तो मनमा राखी पुण्णकले भन्यो– "हे राजन् ! म कच्चायन मानवक हुँ । मलाई पूर्ण पनि भनिन्छ । अङ्ग जनपदमा मेरा नातेदार र बन्धु-बान्धवहरू छन् । हे देव ! म यहाँ जुवा खेल्नको लागि आएको हुँ ।"

पुण्णकको कुरा सुनी राजाले प्रश्न गऱ्यो– "हे मानवक ! म जुवाले जितें भने तिमीले के दिने ? तिमीसँग के छ ? मसँग त भनेजति रत्न छन् । तर तिमी जस्तो दरिद्रले राजासँग जुवा खेल्ने भनी कसरी ललकार गर्न सकेको ?"

राजाको यस प्रश्नलाई पुण्णकले यसरी उत्तर दियो– "महाराज ! मसँग मनहरण गर्न सक्ने मणि-रत्न छ । यसले धन वृद्धि गराई दिन्छ । यो मणि तथा यस श्रेष्ठ घोडाले



शत्रुलाई अनुतप्त गर्न (जित्न) सक्छन् । म जुवामा हारें भने यी वस्तु तपाईले जितेर लिनुहोस् ।"

मानवकको कुरो सुनी राजाले भन्यो– "हे मानवक ! एउटा जावो मणिले के गर्छ ? यो एक श्रेष्ठ घोडाले पनि कति काम दिन्छ र ? मसँग यस्तो रत्न र यस्ता घोडाहरू त अनगिन्ति छन् ?"

'दोहद–कण्ड समाप्त ।'

# मणि-कण्ड

राजाको कुरो सुनेर मानवकले भन्यो–"महाराज ! यो के भनि बक्सिएको ? एक घोडाले हजार घोडासँग सामना गर्न सक्छ । त्यसरी नै एउटा मणिले हजार मणिको काम लिन सकिन्छ । सबै घोडा समान हुँदैनन् । पत्यार नभए यस घोडाको वेग (प्रतिभा) हेरिबक्सियोस् ।"

यति भनी पुण्णकले घोडा चढी त्यस नगरका पर्खाल माथि चारै तरफ घोडा दौडायो । अश्व वेगले गर्दा सात योजन (२८ कोस) भएको त्यस नगर मानो घोडाको गर्दनले मात्र घुमाई राखेको झैं भान पऱ्यो । पछि घोडा पनि नदेखिने भयो, पुण्णक पनि नदेखिने भयो । केवल कम्मरमा बाँधी राखेको कपडा एक टुक्राले मात्र सारा नगर घुमाइराखेको जस्तो देखियो । यस्तो अद्भूत प्रदर्शन देखाइसकेपछि घोडाबाट ओर्ली पुण्णकले सोध्यो– "महाराज ! अश्ववेग देखिबक्सियो होइन र ?"

राजाले भन्यो– "अँ, देखें ।"

पुण्णकले भन्यो– "महाराज ! अब नजर गरिबक्सियोस् ।"– यति भनी उसले घोडालाई नगर-उद्यानको पानीमा दौडायो । घोडा पनि टापमा नै पानीले नछुने गरी दौडयो । फेरि घोडालाई कमलको फूल वरिपरि घुमायो । अनि उसले तालि बजाई हत्केला थाप्यो । घोडा आएर उसको हत्केलामा उभियो । अनि उसले भन्यो– "महाराज ! के यस्तो अश्व-रत्न अमूल्य हुँदैन ?"



राजाले भन्यो– "मानवक ! अवश्य अमूल्य हुन्छ ।"

पुण्णकले मणि-रत्न देखाउँदै भन्यो– "महाराज ! अश्व-रत्नको कुरा छोड् दिउँ । अब मणि-रत्नको महिमा नजर गरी बक्सियोस् ।"

मणिको महिमा दर्शाउँदै उसले भन्यो– "हे नरोत्तम ! यस मणिमा स्त्री-पुरुषका सक्कल सबै रूप, पशु-पंछि, नाग-गरुड, आदिका सक्कल रूप देखिन्छ । हात्ती, घोडा, रथ, पैदल, झण्डा, आदिका चतुरङ्गिनी सेना र सवारका पंक्तिबद्ध लस्कर यस मणिमा बनाई राखेका छन् । चारैतिर पर्खाल, चारै ढोका, चौबाटो, रमणीय-भूमि, विभिन्न प्रकारका घर, बगैंचा, इनार, धारा, पोखरी, बजार, पसल, गाना-बजानाका सरसामान, नृत्य-मण्डली तथा दर्शक-वर्ग यस मणिमा देखिन्छ । पहाड, पर्वत, जङ्गल, नाना प्रकारका जंगली वा पाल्तु जनावर, पवित्र तीर्थस्थल, सुन्दर नदी, जल-जन्तु, रमणीय पुष्करिणी, चार द्वीप, अनेक प्रासाद, स्वर्ग-लोक, आदि भिन्न-भिन्न प्रकारका आश्चर्यजनक वस्तु यस मणिमा निर्मित भइरहेका छन् । पुण्णकले फेरि राजालाई सम्बोधन गरी भन्यो– हे महाराज ! यसरी सर्वाङ्ग सम्पूर्ण तेजस्वी प्रकाशमान मणि हेरिबक्सियोस् ।"

'मणि-कण्ड समाप्त ।'

# अक्ष-कण्ड

मणिको महिमा पूर्ण रूपले सुनाई, देखाइसकेपछि पुण्णकले भन्यो–"महाराज ! म जुवामा हारें भने यो मणि-रत्न दिउँला । हजुर हारिबक्से के दिइबक्सनु हुन्छ ?"

राजाले भन्यो– "तात ! मेरो शरीर र राज-छत्र छोडेर बाँकी अरू सबै बाजीमा राखौंला ।"

पुण्णकले बिन्ति गऱ्यो– "महाराज ! त्यसो भए बिलम्ब नगरिबक्सियोस् । म टाढाबाट आएको । छिटै खाल तयार गराइबक्सियोस् ।"

राजाले मन्त्रीहरूलाई बोलाई जति सक्दो चाँडै जुवा खेल्न खाल तयार गर्ने आज्ञा दियो । मन्त्रीहरूले यथाशीघ्र राजा, अरू आगन्तुक वर्ग र पुण्णकलाई समेत योग्यतानुसार आसन बनाई राजालाई सूचना दिए ।

पुण्णकले द्युत-शाला तयार भएकोले राजालाई शर्त अनुसार यथास्थानमा आउने आव्हान गऱ्यो । उसले भन्यो– "महाराज ! हजुरसँग यो जोडा मणि-रत्न छैन । मैले जबर्जस्तिले होइन, धर्मानुसार जित्नु पर्छ ।"

राजाले उत्तर दियो– "मानवक ! म राजा भनी तिमी नडराऊ । हाम्रो हार-जित धर्मानुसार नै हुन्छ, जबर्जस्तिले होइन ।"



माणवकले पनि प्रसिद्ध पञ्चालराज, शूरसेन, मत्स्य-मद्र, केकक आदि एक शय राजाहरूलाई साक्षी राखी द्युत-शालामा प्रवेश गऱ्यो । सबै आ-आफ्ना योग्य आसनमा बसे । श्रीखण्डको बत्तामा सुनको पासा राखेको थियो । 'मालिक', 'सावट', 'बहुल', 'शान्ति-भद्र', आदि २४ प्रकारका पासामा राजाले आफ्ना इच्छानुसार **बहुल** रोज्यो । पुण्णकले 'सावट' रोज्यो ।

अनि राजाले भन्यो– "हे मानवक ! पासा खेल ।"

पुण्णकले उत्तर दियो– "मलाई पहिले पासा खेल्न मन लाग्दैन । पहिले हजुरले नै खेलिबक्सियोस् ।"

राजाले 'हुन्छ' भनी स्वीकार गऱ्यो । राजाको तीन पूर्व-जन्म पहिलेको आमा अहिले उनको आरक्षा देवता भइरहेकी थिइन् । उनैको प्रतापले राजाले जुवा जित्ने गर्थ्यो । ती देवता अगाडि नै उभिरहिन् । राजाले देवताको स्मरण गरी जुवा-गीत गाउँदै हात बढाई पासा माथि तिर फ्याँक्यो । पुण्णकको प्रतापले राजा हार्ने किसिमले पासा तल झऱ्यो । राजा पनि जुवा खेल्नमा खप्पिस थियो । जब पासा राजा हार्ने किसिमले उल्टो तल झरिरहेको देख्यो । त्यसलाई त्यहीं रोकी फेरि माथि तिर फ्याँक्यो । दोस्रो पटक पनि त्यस्तै तरिकाले पासा तल झरिरहेको देखी फेरि माथितिर फ्याँकी पठायो ।

यो दृश्य देखी पुण्णकले विचार गऱ्यो– "यो राजाले म जस्तो यक्षसँग जुवा खेल्दाखेरि त तल झरिरहेको पासा फेरि माथि फ्याँक्न सक्दो रहेछ । यसको कारण के हो ?"

उसले राजाको आरक्षा-देवताको प्रताप देख्यो । अनि उसले आँखा खोली रिसले देवतालाई हेऱ्यो । उसको क्रोधले देवता डराएर भागिन् ।

राजाले तेस्रो पटक पासा फ्याँक्यो । त्यस बेला पनि पासा आफ्ना दाऊको विरुद्धमा तल झरिरहयो । तर पुण्णकको प्रतापले उनले हात उचाली पासा रोक्न सकेन । आखिर पासा राजाको विरुद्धमा खस्यो ।

पुण्णकको पालो आयो । उसले पासा खेल्यो । पुण्णकको जित भयो । राजा हाऱ्यो । उसले तालि बजाउँदै 'मैलें जितें ।' 'मैलें जितें ।' भनी तीन पटक निस्फिक्रि चिल्लायो । यो कुरो सबै ठाउँमा फैलियो । पुण्णकले नर-वीर्य श्रेष्ठ राजालाई जित्यो । यसको घोषणा पनि भयो । राजा जुवामा हारेकोले असन्तुष्ट भइरहयो ।

राजाको अवस्था देखी पुण्णकले सम्बोधन गरी भन्यो– "महाराज ! युद्धमा एकको जय र अर्कोको पराजय त अवश्य हुन्छ । त्यसैले हे जनेन्द्र ! मैले श्रेष्ठ-धन जितिसकें । अब मलाई जितेको वस्तु चाँडै दिनुहोस् ।"

राजाले 'हुन्छ' भनी यसो भन्यो– "मानवक ! मेरो राज्य, हात्ती, घोडा, मणि, रत्न आदि जति छन्; त्यति तिम्रो इच्छानुसार जहाँ मन लाग्छ लैजाऊ ।"

पुण्णकले उत्तर दियो– "पृथ्वीमा भएका रत्नहरू



भन्दा विधुर पण्डित मुख्य हो । उनलाई नै मैले जितिसकें । उनी नै मलाई दिनु पर्छ ।"

तर राजा मानेन । किनभने विधुर पण्डित उनको प्राण समान प्यारो छ । उनी नै उनको शरण-स्थान हो; उनको गति हो; उनको द्वीप हो; उनको आश्रय हो ।

तिनीहरूको यसरी वाद-विवाद हुँदा-हुँदै निकै समय बित्यो । तर झगडा छिनेनन् । अनि दुबै जना पण्डित कहाँ जाने निश्चय गरे । 'उनले जसो भन्छन् त्यस्तै मान्ने' कबुल पनि गरे ।

यति भनी राजा अरू सबै राजाहरूसँग त्यस मानवक सहित खूब प्रसन्न मनले चाँडै धर्म सभामा पुग्यो ।

विधुर पण्डित आफ्ना आसनबाट उठी राजालाई अभिवादन गरी एकातिर उभिरहयो । केही बेर पछि पुण्णकले महासत्व (विधुर पण्डितलाई) सम्बोधन गरी भन्यो– "पण्डित ! तिमी धर्ममा स्थित भइरहेको हो । प्राण जाने भएता पनि तिमीले झुठ कुरो बोल्दैनौ । यही तिम्रो सत्यताले तिम्रो कीर्ति लोक प्रसिद्ध छ । आज मैले तिम्रो धर्म परीक्षा गर्छु ।

पुण्णकले प्रश्न गऱ्यो– "हे पण्डित ! कुरु देशमा 'विधुर' भन्ने नाम भएको व्यक्ति मनुष्य-धर्ममा स्थिर छ; भनी देवताहरूले भनेका कुरा के सत्य हो ? 'विधुर' भन्ने संज्ञाको अर्थ के हो ? उनी राजाका दास हो कि अथवा कोही सम्बन्धी या नातेदार ?"

बोधिसत्वले मन-मनै सोच्यो– “यसले मलाई यस किसिमले प्रश्न गऱ्यो । हुनत मैले यसलाई राजाको नातेदार पनि भन्न सक्छु; राजा भन्दा ठूलो पनि भन्न सक्छु अथवा राजासँग केही सम्बन्ध छैन पनि भन्न सक्छु । तर यस संसारमा सत्य जस्तो ठूलो आधार केही पनि छैन । सत्य कुरो नै भन्नु पर्छ ।”

यति विचार गरी विधुर पण्डितले उत्तर दियो– “हे मानवक ! म राजाको नातेदार पनि होइन; न राजा भन्दा श्रेष्ठ नै छु । दास चार प्रकारबाट हुन्छ–दासीको गर्भबाट जन्म भई दास हुने; किनेर दास हुने; आफ्नो इच्छाले दास हुने र भय अथवा करले दास हुने । यी चार प्रकारका दास मध्ये मेरो निश्चय पनि दास योनिमा जन्म भएको हो । महाराजको वृद्धि भए पनि, अवृद्धि भए पनि म झुठ बोल्दिन । टाढै बसे पनि म महाराज कै दास भई बस्छु । हे मानवक ! राजाले मलाई धर्मानुसार तिमीलाई दिई पठाउन सक्छन् ।”

पण्डितका यी कुराले पुण्णक अत्यन्त खुशी भयो । खुशीको तालि बजाउँदै भन्यो– “यो मेरो दोस्रो विजय हो । जो मुख्य हो, उनैले प्रश्नका समाधान गऱ्यो । तर राजा अधार्मिक छ । किनभने अहिले पनि मलाई विधुर पण्डित दिने कुरा गरेन ।”

विधुर पण्डितको कुरा सुनेर राजाले बोधिसत्व प्रति क्रोध उत्पन्न गरी भन्यो– “यस पण्डितले म जस्तो ऐश्वर्यशाली



राजा प्रति अलिकति पनि मान मर्यादा नराखीकन मानवक प्रति झुक्यो । मसँग केही सम्बन्ध छैन । केवल ऊ एक दास मात्र हो भनी प्रश्नको समाधान गऱ्यो ।”

अनि राजाले पुण्णकलाई सम्बोधन गर्दै भन्यो– “हे कच्चायन ! विधुर पण्डित मेरो धनमा सर्ब श्रेष्ठ छ । तिमीले यसलाई जहाँ इच्छा छ, त्यहाँ लैजाऊ ।”

‘अक्ष–कण्ड समाप्त ।’

# घरबास-प्रश्न

कौरव्य राजाको मनमा विचार उठ्यो– "माणवकले पण्डितलाई लिएर जान्छ । ऊ जहाँ मन पर्छ त्यहाँ जान्छ । पण्डित गए पछि मलाई सुमधुर धर्म-कथा सुन्न दुर्लभ हुन्छ । त्यसकारण अहिले समय छँदै पण्डितलाई योग्य स्थानमा राखी गृहस्थ सम्बन्धी कुरो सोध्छु ।"

राजाले पण्डितलाई बोलाएर भन्यो– "पण्डित ! तिमी गएपछि मैले तिम्रो महान वाणी सुन्न पाउँदिन । सुन्दैमा पवित्र हुने धर्म-कथा दुर्लभ हुनेछ । अहिले नै तिमीले अलंकृत धर्मासनमा बसी गृहस्थ सम्बन्धी मेरो प्रश्नको उत्तर देऊ ।"

पण्डितले 'हवस्' भनी स्वीकार गऱ्यो । उनी योग्य आसनमा बस्यो । राजाले सोधेका प्रश्नलाई उनले क्रमशः उत्तर दिंदै समाधान गऱ्यो ।

कौरव्य राजाले सोध्यो– "हे विधुर पण्डित ! घरमा बस्ने गृहस्थीहरूको कल्याण कसरी हुन्छ ? उसले चार वस्तुको संग्रह कसरी प्राप्त गर्न सक्छ ? ऊ दुःखबाट कसरी मुक्त हुन्छ ? सत्यवादी कसरी बन्छ ? अनि उसले के गरे यस लोकबाट परलोक जाँदा निश्चित हुन सक्छ ?"

यो प्रश्नलाई उनै गतिमान, धृतिमान्, मतिमान्, सबै धर्मका ज्ञाता, अर्थ-दर्शी विधुर पण्डितले यसरी जवाफ



दियो– "परस्त्रीसँग आफ्नी स्त्री झैं व्यवहार नगर्नु, मिठो चीज एक्लैले नखानु, लोकायतवादी (भौतिक वादी) को सत्संगत नगर्नु । यसले प्रज्ञा वृद्धि हुँदैन । सदाचारी गृहस्थी वा सरकारी काम गर्ने व्यक्ति, अप्रमादी, बुद्धिमान्, विनम्र मात्सर्य-रहित, संयमी, प्रेमपूर्ण मधुर स्वरले कुरा गर्ने हुनु पर्छ । मित्रहरूको संग्रह गर्नु । समयानुसार दान दिनु । श्रमण-ब्राह्मणहरूको सेवा गर्नु । शील पालनु गर्नु । धर्मको कामना गर्नु र श्रुत ज्ञान भएको हुनु । प्रश्न गर्ने हुनु । सदाचारी बहुश्रुतहरूको राम्रो सेवा सत्कार गर्ने हुनु । यस प्रकारले बस्ने गृहस्थलाई कल्याण हुन्छ । चार वस्तुको संग्रह हुन्छ । सुखी हुन्छ । सत्यवादी भई यस लोकबाट परलोक जाँदा निश्चिन्त हुन्छ ।"

यस किसिमको बोधिसत्वले राजालाई गृहस्थी सम्बन्धी प्रश्नको उत्तर दिई धर्मासनबाट ओर्लेर राजालाई अभिवादन गऱ्यो ।

राजाले पनि उनलाई भव्य रूपले स्वागत गरी सयकडौं राजाहरूका साथ राज-भवनमा लिएर गयो ।

'घरबास-प्रश्न समाप्त ।'

## लक्षण-कण्ड

राजाहरूको साथमा जान लागेका बोधिसत्वलाई रोकेर पुण्णकले भन्यो– “हे पण्डित ! अब जाउँ । तिमीलाई राजाले दिइसक्यो । तिमी मेरो भयौ ।”

मानवकको कुरा पण्डितले पनि स्वीकार गऱ्यो । उसले पण्डितलाई प्राप्त गऱ्यो । राजाले पनि उसलाई सुम्पिसक्यो । यो सत्य हो । तैपनि तीन दिन घरमा बसी पत्नी, छोरा, छोरीहरूलाई चाहिने कुरा भनी उनीहरूलाई चित्त बुझाई जाने निश्चय गऱ्यो । मानवकलाई पनि तीन दिन आफ्नै घरमा राख्ने कुरो उठायो । पण्डितको कुरोमा पुण्णक सहमत भयो ।

उसले मनमनै विचार गऱ्यो– “पण्डितले ठीक भन्यो । यसले मेरो ठूलो उपकार गऱ्यो । यसले गरेको उपकार अनुसार त पन्ध्र दिन एक महिना पर्खनु परे पनि अनुचित हुँदैन ।”

अनि पुण्णकको इच्छानुसार पण्डितले उसलाई घरमा लग्यो । पुण्णकले विधुर पण्डितको महान् ऐश्वर्य दैख्यो । हात्ती, घोडाले युक्त भएको अन्तपुर देख्यो । बोधिसत्वको तीन ऋतुका तीन प्रासाद छन्– पहिलो क्रौञ्च-प्रासाद, दोस्रो मयुर-प्रासाद, र तेस्रो प्रिय-केत । पुण्णकलाई त्यस प्रासादको सातौं तल्लामा लिएर गई शयनागारको व्यवस्था, खान-पिनको बन्दोबस्त गराई देवकन्या जस्ता पाँच शय स्त्रीहरूले सेवा गराई उसलाई



त्यहीं छोडेर उनी आफ्ना निवास स्थानमा गयो । पुण्णकलाई तिनीहरूले अनेक प्रकारका गीत-वादन र नृत्य देखाई सन्तुष्ट गराए । खान-पिनको व्यवस्था पनि गरी दिए ।

यता पण्डित आफ्नी पत्नीहरूकहाँ गएर सबै पत्नीहरू र पुत्र-पुत्रीहरू एकत्रित गराउने कुरो अनुज्जा नामक पत्नीलाई आज्ञा दिए । अनुज्जा पुत्री सुनेत्रले प्रासादमा घुमी यसरी सूचना दिइन्– “पिताले उपदेश दिन सबैलाई बोलाउनु भएको छ । यो उहाँको अन्तिम दर्शन हो ।”

यसरी सबै मित्रहरू र पुत्र-पुत्रीहरू एकत्रित पारिन् । धर्मपाल कुमारले यो कुरा सुनी शोकाकूल हृदयले पिता कहाँ आइपुग्यो । छोरोको त्यस दशा देखी पण्डित पनि चुप लागेर बस्न सकेन । आँखा भरी आँसु राखी छोरोलाई आलिंगन गऱ्यो । म्वाइ खाई केही वेरसम्म स्नेह पूर्वक आफ्नै पासमा राख्यो । त्यसपछि शयनागारबाट बाहिर निस्केर आसनमा बसी हजारौं हजार पुत्रहरूलाई यसरी उपदेश दियो– “राजाले मलाई मानवकको हातमा सुम्पिसक्यो । आजसम्म म आत्म सुखी छु । तर पछि माणवकको आज्ञामा चल्नु पर्छ । उसलाई जहाँ मन लाग्छ त्यहाँ मलाई लैजान्छ । आज म तिमीहरूलाई केही कुरो सिकाउँ भनी आएँ । म नभइकन तिमीहरूको भय कसरी नाश हुन्छ ? यदि कुरुक्षेत्रवासी राजाहरूले ‘तिमीहरूलाई पुरानो कुरा थाहा छ ? तिम्रा पिताले के सिकायो ? तिमीहरू हामीसँग बस ।”

राजाहरूले यसो भनेमा तिमीहरूले यसको उत्तर दिनु– “महाराज ! ‘यसो हुन सक्तैन । यो धर्म पनि होइन । जसरी सिंह र स्याल बराबर हुँदैन, त्यसरी नै राजा र प्रजा बराबर हुँदैन’ भनी नम्र निवेदन गर्न सक्नु पर्छ ।”

पण्डितका यी कथन सुनी पुत्र-पुत्री, नातेदार, इष्ट-मित्र, दास-दासीहरू विरह थाम्न नसकी क्वाँ-क्वाँ रोए । बोधिसत्वले तिनीहरू सबैलाई शान्त गऱ्यो ।

‘लक्षण-कण्ड समाप्त ।’

# राजकुल निवास-कण्ड

त्यसपछि विधुर पण्डित आफन्तहरू कहाँ गयो । तिनीहरू सबै चुपचाप बसिरहेको देखी भन्यो– “तात ! चिन्ता नगर । सबै संस्कार अनित्य हुन् । सुखको पछि-पछि दुःख आए झैं ऐश्वर्य पछि विपत्ति पनि आउँछ । तैपनि तिमीहरूलाई ऐश्वर्य प्राप्त हुने ‘राज-सेवा’ को विषयमा उपदेश दिन्छु । एक चित्त गरी सुन ।”

राजकुलमा कहिल्यै अप्रसिद्ध, डर छेरुवा, दुर्बुद्धि र प्रमादी व्यक्तिले ऐश्वर्य पाउन सक्तैन । जो व्यक्तिसँग शील हुन्छ, प्रज्ञा युक्त हुन्छ, सखी भाव भएको हुन्छ, केही रहस्य लुकाई नराख्ने हुन्छ, उनी राजाको विश्वासको पात्र हुन्छ । जसले राजाज्ञा राम्रोसँग पालन गर्छ, दिन-रात नभनी राज-कार्यमा दत्तचित्त हुन्छ, राजाको निमित्त तयार गरेको वस्तुमा हस्तक्षेप नगर्ने हुन्छ, ऊ नै राजकुलमा बस्न योग्य हुन्छ । जो राजाको तरह काम-भोगमा लिप्त हुँदैन, गहना, लुगा, श्रृङ्गार, आदि राजाको नक्कल गर्दैन; रानीहरूसँग नखेल्ने, एकान्तमा कुरा नगर्ने, राजकोषको सुरक्षा गर्ने, सुताहा नभएको, सुरापान आदि मादक पदार्थ सेवन नगर्ने, राजाको स्थानमा नबस्ने, सँधैं दास प्रवृत्ति अघि ल्याउन सक्ने व्यक्ति राजकुलमा बस्न योग्य हुन्छ । पण्डित, ठाउँ अनुसार कुरा गर्न जान्ने, राजाको कुरा नकाट्ने, धनुष झैं सानो भुडी, बाँस झैं झुकेको, राजाको विरुद्ध व्यवहार नगर्ने, अल्पाहारी, मितभाषी, बुद्धिमान्, शूर

बीर पुरुष राजकुलमा बस्न योग्य हुन्छ । आफ्नो तेजस्व वृद्धि गर्न सक्ने, ज्यादा कुरा नगर्ने, चुप लागेर पनि नबस्ने, उचित समयमा तौलेर चाहिंदो मात्र बोल्ने, चुकली नगर्ने, व्यर्थ गफ नगर्ने, झगडालु नभएको अक्रोधी, सत्यवादी, प्रियवादी व्यक्ति राजकुलमा बस्न योग्य छन् । माता-पिताको सेवा गर्ने, जेष्ठलाई आदर गर्ने, लज्जा-भयले युक्त, विद्वान्, अप्रमादी, पवित्र र दक्षतापूर्ण, ठूला-बडा प्रति विनम्र, गौरब-भाव भएको, गुप्त कुरो प्रकाश नगर्ने व्यक्ति राजकुलमा बस्न योग्य हुन्छ । श्रमण-ब्राह्मणहरूको संगत गर्ने, गरीब प्रति दयावान, दान-दक्षिणा दिनमा अभिरूचि भएको, कर्तव्याकर्तव्य जान्ने, राज्य व्यवस्थामा निःस्वार्थ भावले रेख-देख गरी भित्र-बाहिर गर्ने कार्यमा निपुण, इमान्दार पूर्वक काम गर्नेलाई योग्य पदमा प्रतिष्ठित गराउन जान्ने, न्यायमा आफू अरू भन्ने भेदभाव नगर्ने, राजाको जहिले पनि हित-चिन्तक र शुभ-चिन्तक हुन सक्ने मानिस नै राजकुलमा बस्न योग्य छन् ।”

पण्डितले फेरि सम्बोधन गर्दै भने– “हे सभाषद्हरू ! मैले राजकुलमा बस्न योग्यहरूको जुन गुण वर्णन गरें, त्यस्ता गुण भएका व्यक्तिले राजालाई प्रसन्न गराउन सक्छ । राजाको तरफबाट पनि उसले योग्य सत्कार पाउँछ ।”

‘राजकुल निवास-कण्ड समाप्त ।’

# सत्पुरुष धर्म-कण्ड

यसप्रकार विधुर पण्डितले पुत्र, पत्नी, मित्रादिहरूलाई उपदेश गर्दा-गर्दै तीन दिन बिते । चौथो दिनमा ‘विहान सबेरै भोजन सिध्याई, राजाको दर्शन गरी माणवकसँग जान्छु’ भन्ने विचारले सबै नातेदारहरूलाई लिएर उनी राजमहलमा गयो । विधुर पण्डितले राजालाई अभिवादन गरी एक छेउमा उभिएर यसरी बिन्ति गऱ्यो– “महाराज ! माणवकले मलाई उसको जहाँ इच्छा छ, त्यहाँ लैजान लागिसक्यो । मैले आफ्ना सम्बन्धित्हरूलाई हित हुने कुरो भन्दछु, सुन्नु होस् । मेरा छोराहरूलाई अथवा अरूहरूलाई राजाले दिइराखेका धन अब महाराजले हेरचाह गर्नु पर्छ । मेरो भनाईको अर्थ हो म नभए पनि जाति-संघको अवस्था नबिग्रियोस् । जसरी मानिस पृथ्वीमा नै हराई फेरि पृथ्वीमा नै प्रतिष्ठित हुन्छ; त्यस्तै म पनि पृथ्वीमा बेपत्ता हुन लागें । महाराज ! मैले आफ्नो दोष पनि स्वीकार गरिरहेको छु ।”

यी कुरा सुनी राजाले भन्यो– “पण्डित ! तिमी नगए मलाई बडो आनन्द हुन्छ । तिमी नजाऊ । वरु माणवकलाई यहाँ बोलाएर उसलाई मार्ने युक्ति गर्छु ।”

बोधिसत्व विधुर पण्डितले राजालाई अनुचित् कुरा गरेकोले सतर्क गराई यसरी उपदेश दियो– “देव ! तपाईले

आफ्नो चित्त अधर्ममा लगाउनु हुँदैन । तपाई अर्थ र धर्ममा प्रतिष्ठित हुनुपर्छ । यस्ता अकुशल, कर्मलाई धिक्कार छ, जसबाट नरक जान्छ । यो धर्म पनि होइन । गर्नु हुने कर्म पनि होइन । हे राजन ! हुनत म दास हुँ, तपाई मालिक हुनुहुन्छ । तपाईले मलाई पिट्न पनि सक्नु हुन्छ, मार्न पनि सक्नु हुन्छ, आगोमा भस्म गर्न पनि सक्नु हुन्छ । तैपनि म तपाई प्रति क्रोध गर्दिन । अब म जान्छु ।"

यति भनी बोधिसत्वले राजालाई नमस्कार गऱ्यो । फेरि रानीहरू र उनीहरूका परिषद्‌लाई उपदेश दियो । उपदेशबाट तिनीहरू अधीर भए । विलाप गरे । तिनीहरूलाई त्यसै छोडेर उनी राजभवनबाट बाहिर निस्क्यो । 'पण्डित माणवकसँग जान लाग्यो' भन्ने कुरो थाहा पाएर बोधिसत्वको दर्शनार्थ सबै नगरवासीहरू राजप्राङ्गनमा जम्मा भइरहे । तिनीहरूलाई पनि 'चिन्ता नगर । सबै संस्कार अस्थायी छन् । दानादि कार्यमा अप्रमादी हुनु'— भनी उपदेश दियो ।

त्यहाँबाट विधुर पण्डित आफ्नो निवासस्थानमा गयो । त्यसै बेला धर्मपाल कुमार सबै भाइहरूसित आफ्ना पितालाई रोक्न भनी आएका ढोकैमा पिताजीसँग भेट भयो । उसलाई देखर बोधिसत्वले शोक थाम्न सकेन । उसलाई अङ्कमाल गरी आँखा भरी आँसु लिई महल भित्र पस्यो । महलमा छोराहरू, छोरीहरू, पत्नीहरू, दास-दासीहरू र मित्र-बन्धुहरू सबै हुरीले शालवृक्ष लडाए झैं लडेर विरह गरिरहेका थिए । त्यस्तै वैश्य,



ब्राह्मण, सैनिक सवार आदि पनि 'हामीलाई किन छोडेर जान लाग्यौ' भन्दै शोक-संतप्त भइरहे । बोधिसत्वले तिनीहरू सबैलाई आश्वासन दिई, घर-धन्दा सबै समाप्त गरी, स्त्री, पुत्र-पुत्री र बन्धु-बान्धवहरूलाई चाहिने किसिमले अनुशासित गऱ्यो । खेत-बारी सबैको व्यवस्था गरी, लेन-देनको काम सिध्याई पुण्णक कहाँ गएर भन्यो— "माणवक ! तिमी मकहाँ तीन दिन बस्यौ । घर-धन्दा सबै सिध्याएँ । मैले आफ्ना स्त्री-पुत्रहरूलाई चाँहिदो कुरा बताइसकें । अब तिम्रो इच्छानुसार म जान्छु ।"

पुण्णकले उत्तर दियो— "हे कर्ता ! तिम्रो काम-कुरो सिद्धिए तुरन्त आउनु । बाटो पनि लामो छ । निर्भयी भएर यस श्रेष्ठ घोडाको पुच्छर समाऊ । तिम्रो यो जीव-लोकको दर्शन अन्तिम दर्शन हुनेछ ।"

यो कुरो सुनी बोधिसत्वले भन्यो— "मैले मन, वचन र शरीरबाट त्यस्तो केही दुष्कर्म गरिन जसबाट दुर्गति प्राप्त हुन्छ । त्यसकारण म कुनै कुरामा पनि डराउँदिन ।"

यस प्रकार बोधिसत्वले निर्भयपूर्वक सिंहनाद गरी दृढ-संकल्प गऱ्यो कि 'यो वस्त्र मेरो इच्छा बिना मेरो शरीरबाट नखसोस् ।' फेरि एक चोटि आफ्ना वस्त्र राम्रोसँग मिलायो । घोडाको पुच्छर बलियोसँग समाती दुइ खुट्टाले घोडाको तिघ्रा समातेर भन्यो— "माणवक ! मैले घोडाको पुच्छर समाति सकें । तिम्रो इच्छानुसार लैजाऊ ।"

पुण्णकले मनोमय सिन्धवा घोडालाई इशारा गरी आकाश मार्गबाट उडाएर अन्तरिक्षमा प्रवेश गऱ्यो । कुनै शाखा वा कतै टुप्पामा ठक्कर नख्वाईकन तुरन्त कालागिरि पर्वतमा पुगे ।

यता बोधिसत्व गइसकेपछि धर्मपाल कुमारहरूले पुण्णकको निवासस्थानमा गएर हेर्न गए । त्यहाँ आफ्ना पितालाई नदेखी तिनीहरू सबै पर्वतबाट खसेको जस्तो यता-उति छरिएर विलाप गरिरहेका थिए । त्यही किसिमले बोधिसत्वका पत्नीहरू, दास-दासीहरू र जनपद-निगमवासीहरू पनि 'पण्डित कहाँ गयो ?' भन्दै शोक विव्हल भइरहे । पछि बोधिसत्वलाई आकाशमार्गबाट लगिरहेको देखेर तिनीहरूको शोक झन बढ्यो । तिनीहरू सबै रुँदै राजद्वारमा पुगे । राजाले रुवावासीको शब्द सुनी झ्याल खोली रोएको कारण सोधे । तिनीहरूले भने– "देव ! ती माणवक ब्राह्मण होइन । ऊ एक जना भेषधारी यक्ष हो । त्यस्ता यक्षले पण्डितलाई लग्यो । पण्डित बिना हामी बाँच्नु व्यर्थ हुन् । यदि सात दिन भित्रमा पण्डित फर्केर नआए हामी हजारौं-हजार गाडा दाउरा जम्मा पारी, चिता बनाएर त्यही चितामा होमिएर मर्नेछौ ।"*

(* सम्यक् सम्बुद्ध परिनिर्वाण हुनु भएको बेलामा त "हामी चित्तामा होमिएर मर्नेछौं" भन्ने थिएन भन्ने ती बोधिसत्व कति लोकप्रिय भएर नगरमा बसेका होलान् । विचारनीय छ ।)



राजाले तिनीहरूको कुरो सुनी तिनीहरूलाई आश्वासन दिंदै भन्यो– "मधुरभाषी पण्डितले माणवकलाई धर्म कथा सुनाएर आफूतिर झुकाई आफ्ना चरण ढोगाउने छ । चाँडै नै हाम्रा आँसु पुछी हामीलाई हँसाउन आउने छ । उनी साह्रै विचारवान, विवेकशील तथा दक्षतापूर्ण व्यक्ति हो । तिमीहरू नडराऊ । उनी चाँडै नै छुटेर आउने छ ।"

उता पुण्णकले बोधिसत्वलाई काल पर्वत माथि राखेर विचार गऱ्यो– "जहाँ सम्म यो जीवित रहन्छ त्यस बेला सम्म मेरो स्वार्थ सिद्ध हुँदैन । यसलाई मार्छु । यसको हृदय झिक्छु । नाग-भवनमा गई विमला देवीलाई दिन्छु । इरन्दतिलाई लिई देवलोक जान्छु ।"

फेरि उसले यसरी तर्क गऱ्यो– "मैले यसलाई हातबाट नमारी भैरव रूप लिई मार्छु ।"

उसले भैरव रूप धारण गरी खाउँला जस्तो गऱ्यो । तर बोधिसत्वलाई रोमाञ्च सम्म पनि भएन । अनि सिंहको रूप धारण गऱ्यो । फेरि मत्ता हात्तीको रूप लिई दुबैतिर दुइ दन्तले छाला काढ्ने ढाँचा गऱ्यो । तैपनि बोधिसत्व डराएन । पछि भयंकर सर्पको रूप धारण गऱ्यो । डरलाग्दो श्वास निकाली बोधिसत्वको सबै शरीरलाई बेरेर फना लिइरहचो । तर यसले उनलाई संकोच सम्म गर्न सकेन अनि सर्पको रूप छोडेर 'उनलाई पर्वतको टुप्पाबाट खसाली शरीर चूर्ण-चूर्ण

गरी दिउँला' भन्ने मनसायले निस्फिक्रि हुरी-बतास चलायो । तर हुरी-बतासबाट उनको टाउँकोको कपाल (रौं) एउटा पनि हल्लाउन सकेन । अनि हात्तीले खजुरको बोट लछार-पछार गरे जस्तै बोधिसत्व बसेको पर्वत समेत हल्लाई दियो । तैपनि उनी देग चलेन ।

गरे-गरेको उपायले केही शीप नलागे पछि पुण्णकले 'भयंकर शब्द निकाली यसको हृदय फोर्नु पऱ्यो' भनी विचार गऱ्यो । ऊ पृथ्वी भित्र पसेर पृथ्वी र आकाश जोडे जस्तो गरी घनघोर शब्द निकाल्यो । तर पण्डित भने कति पनि डराएन । किनभने बोधिसत्वलाई 'यो कुरा थाहा छ कि यक्ष, सिंह, हात्ती, सर्पको रूप लिने उही माणवक नै हो अरू होइन । हुरी-बतास चलाउने, पर्वत हल्लाउने र भयंकर शब्द निकाल्ने पनि उही माणवक हो ।'

पछि यक्षले मनमनै सोच्यो– "यसलाई बाहच उपायले मार्न सकिंदैन । मेरै हातले मार्नु पऱ्यो ।"

उसले बोधिसत्वलाई पहाडको टुप्पामा राख्न लग्यो । अनि बलियोसँग समातेर निराधार आकाशमा हुत्याई दियो । उनी खसेर भीरमा पर्न गयो । कुरु देशका श्रेष्ठ पण्डितलाई भयंकर रोमाञ्चकारी, कष्टयुक्त, नारकीय यातना दियो । तैपनि पण्डितले निर्भयपूर्वक यक्षलाई भन्यो– "मानवक ! तिम्रो रूप आर्यको जस्तो देखिए तापनि तिमी अनार्यका



प्रतीक हौ । तिमी असंयमी अहितकर, नीच कर्म गर्ने हौ । तिम्रो चित्तमा लेस मात्र पनि कुशल चेतना छैन । मलाई यसरी खसालेर मारी तिमीलाई के प्रयोजन ? तिम्रो के अर्थ सिद्ध हुन्छ ? तिम्रो कर्म अमनुष्यको कर्म हो । त्यसैले तिमी कुनचाहिं यक्ष हो ? मलाई परिचय देऊ ।"

पुण्णकले भन्यो– "म राजा कुबेरको मन्त्री हुँ । म पुण्णक नामक यक्ष हुँ । महान्, पवित्र, वर्ण-बल युक्त नागराजाको कन्या इरन्दतिसँग विवाह गर्न लागेको छु । उनै सुन्दरी कन्याका निमित्त तिमीलाई मार्ने निश्चय गरेको हुँ ।"

यक्षको कुरो सुनी बोधिसत्वले विचार गऱ्यो– "यो दुनियाँ त्यसै नाश हुन लाग्यो । उसको नाग-कन्यासँग विवाह गर्न मलाई मारेर उसलाई के लाभ ? यो कुरो यथार्थ थाहा पाउनु पऱ्यो ।"

पण्डितले यक्षसँग सोध्यो– "हे यक्ष ! तिमी मूर्ख नहोऊ । नबुझिकन काम गऱ्यो भने अनेक लोकको नष्ट हुन सक्छ । मलाई आश्चर्य लाग्छ । मलाई मार्न लगाएर तिम्री प्रेमिकालाई के फाइदा ?"

पुण्णकले भन्यो– "सुन्दरी इरन्दति प्रति म लुब्ध भएको देखेर नागराजाले यसो भने– 'यदि तिमीले न्यायपूर्वक विधुर पण्डितको हृदय ल्याउन सके अत्यन्त राम्री नाग-

कन्या तिमीलाई दिन्छु । पण्डितको हृदय मेरी पुत्रीको मूल्य हो ।' त्यसै कारण मैले तिमीलाई मार्न लागेको हुँ । तिम्रो बध गर्नाले मलाई इरन्दति प्राप्त हुन्छ । अतएव न म मूर्ख हुँ, न निर्बुद्धि नै । मैले तिमीलाई यही नरक जस्तो भीरबाट खसाली मारी तिम्रो हृदय लिएर जान लागेको हुँ ।"

उसको कुरो सुनेर बोधिसत्वले विचार गऱ्यो– "विमला देवीलाई मेरो हृदयको केही आवश्यकता छैन । वरुण नागराजाले मेरो धर्मोपदेश सुनी मलाई आफ्नो अमूल्य मणिले पूजा गऱ्यो । यही कुरा उनले शायद् विमला देवीलाई सुनायो होला । विमला देवीको मनले मेरो धर्म-कथा प्रति 'दोहद' उत्पन्न गरेकी हुनु पर्छ । वरुण नागराजाले यो कुरो राम्रो नबुझेकोले पुण्णकलाई यस्तो आज्ञा दिएको हुनु पर्छ । यस प्रकार कुरा नबुझेको कारणबाट मलाई मार्न यस्तो दुःख दिइरहेको छ । स्थान-उत्पत्ति-कारण बुझ्नमा समर्थ मेरो पाण्डित्य यसले मलाई मार्न लगाउँदा त्यसको महत्व कहाँ जान्छ ? बरु 'मैले सत्पुरुष धर्म जान्दछु' भनी आफ्नो प्राण बचाउनु पऱ्यो ।"

यसरी विचार गरेर उनले भन्यो– "हे माणवक ! मेरो प्राण नजाँदै यदि तिमीले सत्पुरुष-धर्म सुन्ने इच्छा छ भने मलाई पर्वतको टुप्पामा राख्न लैजाऊ । मैले भनेको सत्पुरुष-धर्म राम्रो ध्यान दिई सुन । अनि तिमीले मलाई के गर्न मन लाग्छ, गर ।"



यस कुराले पुण्णकको मनमा अलिकति च्वास बिझ्यो । उसले मनमनै कुरा खेलायो– "आज पण्डितले जुन उपदेश दिन्छ ती उपदेश यो भन्दा पहिले देव-मनुष्यहरूले नदिएको हुनु पर्छ । त्यसैले यसलाई तुरन्त उठाएर यसको तरफबाट सत्पुरुष-धर्म सुन्नु पऱ्यो ।"

पुण्णकले तुरन्तै बोधिसत्वलाई उठाएर पहाडको शिखरमा राखेर भन्यो– "तिमीलाई मैले पहाडको भीरबाट झिकेर ल्याइसकें । आज मलाई तिम्रो हृदयको आवश्यकता भइरहेको छ । जति सत्पुरुष-धर्म छन् । ती सबै मलाई स्पष्टसँग सुनाऊ ।"

पण्डितले भन्यो– "तिमीले मलाई पहाडको भीरबाट झिक्यौ । मेरो हृदयको तिमीलाई आवश्यक नै भए जति सत्पुरुष-धर्म छन्, ती सबै तिमीलाई राम्रोसँग सुनाउँछु । तर मेरो शरीर साह्रै फोहर छ । पहिले एकचोटी नुहाउँछु ।"

यक्षले 'हुन्छ' भनी पानी ल्याइदियो । नुहाई सकेपछि यक्षले पण्डितलाई दिव्य वस्त्र लगाइदियो । विधुर पण्डित भोजन सिधेपछि कालागिरि पहाडको टुप्पामा गई नाना अलंकारले अलंकृत गराई राखेको आसनमा बसी बुद्धले झैं निम्न गाथाद्वारा सत्पुरुष-धर्म सुनाए–

"यातानुयायी च भवाहि माणव,
अल्लञ्च पाणिं परिवज्जयस्सु ।
मा चस्सु मित्तेसु कदाचि दुब्भी,
मा च वसं असतीनं निगच्छे"ति ॥

[जा. अ. गा. पा. १५६५]

अर्थ – हे माणवक ! जानेहरूको अनुगमन गर्ने हुनु पर्छ । चिसो घाँस बाल्नु हुँदैन । कहिल्यै पनि मित्र-द्रोह गर्नु हुँदैन । असतीहरू कहाँ वशीभूत हुनु हुँदैन ।

यसरी संक्षिप्तसँग भनिएका चार सत्पुरुष-धर्म राम्रोसँग बुझ्न नसकी 'जानेहरूको पछि लाग्नु भनेको कसरी, चिसो घाँस कसरी बाल्नु हुँदैन, असती कसलाई भनिन्छ, मित्र-द्रोह कसरी लाग्छ, विस्तृत गरी सुनाऊ' भनी आग्रह गऱ्यो । बोधिसत्वले गाथाद्वारा यसरी उत्तर दियो–

"असन्थुतं नोपि च दिट्ठपुब्बं,
यो आसनेनापि निमन्तयेय्य ।
तस्सेव अत्थं पुरिसो करेय्य,
यातानुयायीति तमाहु पण्डिता ॥"

[जा. अ. गा. पा. १५६७]

अर्थ – जसले कहिल्यै नदेख्ने, कहिल्यै सँगै नबसेको मानिसलाई बोलाएर आसनमा बस्न दियो भने त्यसलाई हित



गर्नु पर्छ । यसो गर्ने मानिसलाई पण्डितजनले 'जानेहरूको अनुगमन गर्ने' भनिन्छ ।

"यस्सेकरत्तम्पि घरे वसेय्य,
यत्थन्नपाणं पुरिसो लभेय्य ।
न तस्स पापं मनसापि चिन्तये,
अदुब्भपाणिं दहते मित्तदुब्भो ॥"

[जा. अ. गा. पा. १५६८]

अर्थ – जसले कसैको घरमा एक रात मात्र बास बसी खान-पीन गर्छ, त्यसलाई मनले पनि नभएको चिताउनु हुँदैन । यदि यसो गरेको खण्डमा मित्र-द्रोहीले अद्रोहीलाई जलाएको हुन्छ ।

"यस्स रुक्खस्स छायाय,
निसीदेय्य सयेय्ये वा ।
न तस्स साखं भञ्जेय्य ।
मित्तदुब्भो हि पापको ॥"

[जा. अ. गा. पा. १५६९]

अर्थ – जुन रूख मुनी बस्छ वा सुत्छ; त्यसको हाँगा भाँच्नु हुँदैन । यसो गर्नु मित्र-द्रोह गर्ने पाप हुन जान्छ ।

"पुण्णम्पि चेमं पथविं धनेन,
दज्जित्थिया पुरिसो सम्मताय।
लद्धा खणं अतिमञ्ञेय्य तम्पि,
तासं वसं असतीनं न गच्छे॥"

**[जा. अ. गा. पा. १५७०]**

अर्थ – स्त्रीलाई विश्वास गरी धन-धान्यले पूर्ण यो सबै पृथ्वी नै दिए पनि कुनै समयमा तिनले विश्वास घात गरिन् भने तिनलाई असति भनिन्छ । त्यसैले त्यस्ता (लोग्नेलाई विश्वासघात गरी आएका) असतिहरूको वशीभूत हुनु हुँदैन ।

यसरी पण्डितले विस्तृत रूपले सत्पुरुष-धर्मको व्याख्या गर्‍यो । अधर्म छोड्नु पर्ने कुरो पनि सम्झाई दियो ।

'सत्पुरुष धर्म-कण्ड समाप्त ।'

# कालागिरि-कण्ड

पण्डितका यी कुरा सुनी पुण्णकले बुझ्यो– "यसले हरतरह आफ्नै जीवनको याचना गरिरहचो । म जस्तोलाई यसले पहिले नै सत्कार गर्‍यो । म उसको घरमा तीन दिनसम्म आनन्द पूर्वक बसें । मैले यो पाप कर्म पनि स्त्रीको निमित्त नै गरिरहे । जुन तरहबाट हेरे पनि म एक मित्र-द्रोही हुँ । यदि मैले पण्डितलाई कुकर्म गरेको रहेछ भने मैले गरेको आचरण सत्पुरुषहरूको आचरणानुसार भएन । मलाई नाग-कन्यासँग के मतबल ? शोकाकुलमा दुबिरहेका इन्द्रप्रस्थ-निवासीहरूलाई प्रफुल्लित गराउन बरु पण्डितलाई चाँडै नै धर्म सभामा पुर्‍याई दिनु पर्‍यो ।"

यति विचार गरी पुण्णकले भन्यो– "पण्डित ! म तिम्रो घरमा तीन दिनसम्म बसिसकें । तिमीले मलाई अन्न-जलले सेवा गर्‍यो । तिमी मेरो मित्र हो । मैले तिमीलाई छोडी दिन्छु । तिमी आफ्ना इच्छानुसार घर फर्क । नाग-कुलको विषयमा मलाई वास्ता भएन । नाग-कन्याप्रति पनि मलाई उपेक्षा भाव उत्पन्न भयो । हे प्रज्ञावान् ! तिम्रो शुभाषितको कारणबाट तिमी आज मेरो हातबाट मुक्त भयौ ।"

विधुर पण्डितले भन्यो– "हे माणवक ! मलाई घरमा पठाउनु अघि नाग-भवनमा एक पल्ट लैजाऊ । नागराजालाई र उनको अहिले सम्म नदेखेको विमान एकचोटि पनि हेर्छु ।"

पुण्णकले भन्यो– "जसको मनले तिम्रो अहित चितायो त्यस्तोलाई बुद्धिमान्हरूले हेर्नु उचित छैन । हे प्रज्ञाधिपति ! तिमीले के कारणले आफ्नो शत्रुको निवासस्थानमा जाने इच्छा गरेका हौ ?"

बोधिसत्वले भन्यो– "पुण्णक ! म यथार्थ जान्दछु कि प्रज्ञावानहरूले त्यस्तोलाई हेर्न योग्य छैन । तर मैले कहिल्यै केही पाप-कर्म गरी राखेको छैन । त्यसैले म मर्छु भनी डराउँदिन । तिमी जस्तो कठोर हृदय राक्षसलाई त धर्मोपदेशले प्रभावित गरी कोमल गराई सकें 'नाग-कन्या चाहिएन', तिमी आफ्नो घरमा जाऊ' भन्न लगाई सकें; भने नागराजालाई कोमल पार्न मलाई के गाह्रो हुन्छ ? मलाई त्यहाँ एकचोटि लिएर जाऊ ।"

पुण्णकले 'हुन्छ' भनी स्वीकारी बोधिसत्वलाई पछाडि आसनमा बसालेर नाग-भवनमा लग्यो ।

पुण्णकलाई देखेर नागराजाले सम्बोधन गरेर भन्यो– "पुण्णक ! के तिमीले पण्डितको हृदय लिन मर्त्यलोकमा पुगेर आइसक्यौ ? तिमीले त्यस महाप्रज्ञावानलाई साथैमा ल्याएका छौ ?"

पुण्णकले उत्तर दियो– "नागराज ! तपाईले इच्छा गरे जस्तै मैले उनलाई यहाँ ल्याइसकें । उनलाई मैले धर्मपूर्वक प्राप्त गरें । अहिले उनीसँगै कुरा गर्नुहोस् । उनी एक सत्पुरुष हुनुहुन्छ । सत्पुरुषको संगत सुखकर हुन्छ ।"



नागराजाले बोधिसत्वलाई देखेर भन्यो– "हे पण्डित ! भयको कारणले तिमीले मलाई अभिवादन गरेनौं । यो बुद्धिमानको निमित्त योग्य छैन ।"

बोधिसत्व विधुर पण्डितले उत्तर दियो– "हे नागराज ! म मृत्युदेखि डराउँदिन । तर जो बध्य (मार्न भनी ल्याएको) हो उसले न कसैलाई नमस्कार गर्छ, न कसैले उसलाई नमस्कार गर्छ । जो व्यक्तिले कसैलाई हत्या गर्न लाग्छ; त्यसलाई कसरी नमस्कार गर्छ अथवा त्यसलाई कसले नमस्कार गर्ला ?"

यो कुरो नागराजाले सहर्ष स्वीकार गरी बोधिसत्वलाई प्रशंसा गऱ्यो ।

बोधिसत्वले नागराजासँग कुशल वार्ता गरिसकेपछि प्रश्न गऱ्यो– "हे नागराज ! तिम्रो ऋद्धि, द्युति, बल, वीर्य, अनित्य हुन्; नित्य होइनन् । तिमीले यो विमान के गरेर प्राप्त गऱ्यौ ? यो तिमीलाई त्यसै प्राप्त भएको अथवा ऋतु-परिवर्तनको कारणबाट प्राप्त भएको ? तिमी आफैले बनाएको हो अथवा देवताहरूले बनाई दिएका हुन् ?"

नागराजाले भन्यो– "यो त्यसै प्राप्त भएको पनि होइन, ऋतु-परिवर्तनको परिणाम पनि होइन । न मैले बनाएको हो, न देवताहरूले बनाई दिएका हुन् । बरु मेरो पाप रहित पुण्य-कर्मको फलबाट नै प्राप्त भएका हुन् ।"

बोधिसत्वले प्रश्न गऱ्यो– "हे नागराजा ! तिम्रो के

ब्रत, के ब्रह्मचर्य ? तिम्रो कुन शुभ-कर्मबाट यो ऋद्धि, घ्युति, बल, वीर्य उत्पत्ति भएको ?"

नागराजाले जवाफ दियो– "हे पण्डित ! म र मेरी पत्नी दुबै श्रद्धावान तथा दानी । माला, गन्ध, विलेपन (श्रृङ्गारिक वस्तु) बत्ति, आश्रम, ओड्ने-ओछ्याउने अन्न-वस्त्रादि आदर पूर्वक श्रमण–ब्राह्मणहरूलाई दान गऱ्यौं । यी नै मेरा ब्रत हुन्; ब्रह्मचर्य हुन् । यही पुण्य-कर्मको फलबाट बल, वीर्य प्राप्त भएका हुन् ।"

नागराजाको कुरा सुनी बोधिसत्वले भन्यो– "हे नाग श्रेष्ठ ! अहिले पनि अप्रमादी भई पुण्य-संग्रह गर्नु । तर नागलोकमा श्रमण-ब्राह्मणहरूको अभाव भएकोले पुण्य-कर्म गर्ने ठाउँ नभए तापनि आफ्ना स्त्री, पुत्र-पुत्री र असहाय बान्धवहरूलाई लालन-पालन गरी; मन, वचन, कर्मले मैत्रीपूर्ण व्यवहार गर्न सके देवलोक जान पाउँछन् ।"

यस कुराले नागराजा सन्तुष्ट भयो । उनले विचार गऱ्यो कि यस्तो पण्डितलाई धेरै वेर विलम्ब गर्नु हुँदैन । विमला देवी कहाँ लगेर अमृत-वाणी पिलाउन दिई तिनको इच्छा शान्त गराई चाँडै नै फर्काई दिनु पर्छ ।

नागराजाले भन्यो– "हे पण्डित ! तिमी जस्तो अमात्यको अभावमा राजाले निश्चय पनि चिन्ता गऱ्यो होला । तिमीसँग बस्न पाए दुःखी, रोगी व्यक्तिहरूले सुख अनुभव गर्छन् ।"

यसरी नागराजाले सर्वश्रेष्ठ, सार्थक तथा कुशल धर्मयुक्त कुरो गरेकोमा अनि त्यस्तो बिपत्तिमा पनि आफ्ना



विशेषता दर्शाएकाले पण्डित खुशी भयो ।

पण्डितले आफ्नो आगमणको विषयमा नागराजाले गरेको प्रश्नको उत्तर दिंदै भन्यो– "राजा मेरो मालिक हो । पुण्णकले मलाई जुवामा जित्यो । यसरी धर्मानुसार यसले मलाई प्राप्त गरेर ल्यायो ।"

धीर पुरुषको यस वचनले नागराजा झन प्रसन्न भयो । ती महा प्रज्ञावानलाई हात समाती विमला देवी कहाँ लग्यो । विमला देवीलाई सम्बोधन गरी नागराजाले भन्यो– "विमला ! जसको निमित्त तिमी पहेँलो भएर गयौ, खान छोडचौ, अहिले ती पीडा नाश गर्न सक्ने, अत्यन्त सुन्दर वर्णले युक्त पण्डित तिम्रो समक्ष आइपुग्यो । तिमीले जसको हृदयको इच्छा गऱ्यौ; उनै प्रभापुञ्ज तिम्रो समिपमा उपस्थित भइरहेको छ । उनको अमृतवाणी सुन । दर्शन गर ।"

"विमला देवीले उनी प्रज्ञावान पण्डितलाई देखेर अत्यन्त हर्षित भई बिन्ति गरिन् र अनेक किसिमले प्रश्न गरिन् । नाग-कन्या पनि उनको आगमनबाट खुशी भइन् । बोधिसत्वले तिनीहरू दुबैलाई नागराजालाई झैं सन्तुष्ट गरायो । उनले आफू भयबाट निश्चिन्त भएपछि नागराजालाई भन्यो– "हे नागराज ! संकोच नगर । तिमीहरूलाई मेरो हृदय-मांस चाहिएको होइन र ? यो तिमीहरूले लिन सक्छौ ।"

नागराजाले यो कुरो स्वीकार गरेन । किनकि 'प्रज्ञा नै उनको हृदय हो' भनी तिनीहरूले हृदयङ्गम गरिसके । तिनीहरू

बिल्कुल सन्तुष्ट भइसके । त्यसैले पुण्णकलाई इरन्दति कन्या दान दिए । नाग-कन्या इरन्दति प्राप्त भएकोले पुण्णक खुशी भई विधुर पण्डितलाई भन्यो– "हे पण्डित ! तिमीले गरेर मलाई इरन्दति प्राप्त भयो । तिमीले मलाई ठूलो उपकार गऱ्यौ । त्यसैले तिमीलाई यस मणि-रत्नले पूजा गरी आजै कुरु-देशमा पुऱ्याई दिन्छु ।"

बोधिसत्वले पुण्णकलाई प्रशंसा गरी उसको कुरो स्वीकार गऱ्यो ।

पुण्णकले ती महाप्रज्ञावान पण्डितलाई अगाडि आसनमा बसाली तुरन्त इन्द्रप्रस्थ नगरमा पुऱ्याई दियो ।

पुण्णकले भन्यो– "म मेरी पत्नीसँग बस्न पाए जस्तै तिमी पनि आज आफ्ना घरमा गई आनन्द साथ बस्न जाऊ ।"

त्यस दिन प्रातः कालमा राजाले यस्तो सपना देख्यो– "राजाको महल द्वारमा एउटा रूख छ । त्यसमा प्रज्ञा-रूपी काण्ड र सदाचार-रूपी हाँगाबिङ्गा छन् । त्यसमा पाँच प्रकारका गोरस-रूपी फल फलिरहेका छन् । अनि त्यहाँ सजाएर राखेका हात्ती, घोडा पनि थुप्रो छन् । जनताले त्यस वृक्षलाई नमस्कार गरी स्वागत गरिरहे । त्यस बेला रातो लुगा लगाएको, रातै फूल कानमा घुसारेको, हातमा शस्त्र लिई एक जना कालो मानिस आयो । उसले जनताहरूलाई रूवाएर त्यस रूखको जरै समेत उखेलेर लग्यो, फेरि फिर्ता ल्याएर त्यही ठाउँमा राखी दियो ।



राजाले त्यस स्वप्नको विषयमा विचार गर्दा-गर्दै यही अन्दाज लगायो कि विधुर पण्डितको अतिरिक्त अर्को कुनै 'महान् वृक्ष' छैन । देशवासीहरूलाई रुवाउँदै जरै समेत उखेलेर लैजाने मानिस पण्डितलाई लिएर जाने 'माणवक' नै हुनुपर्छ । ती वृक्ष यथास्थानमा राख्न ल्याएको अर्थ पण्डितलाई आज नै यहाँ राख्न ल्याउने होला । त्यसैले उनले आज पण्डितलाई अवश्य पनि देख्ने भयो भनी निश्चय गऱ्यो ।

राजा खुशी भएर नगरमा सफा सुग्घर गर्न लगाई सजाउन लगायो । धर्म-सभा सजि-सजाउ पार्न लगायो । रत्न-मण्डपमा धर्मासन ओछ्याउन लगाई एक शय राजा सचीव, नगरवासी तथा जनपद-निवासीहरूलाई आश्वासन दिंदै भन्यो– "नागरिकहरू हो ! तिमीहरूले धन्दा मान्नु पर्दैन । आज तिमीहरूले पण्डितलाई देख्नै छौ ।"

यति भनी तिनीहरू सबै पण्डितको आगमनको प्रतिक्षा गरिरहे ।

पुण्णकले पनि पण्डितलाई धर्म सभामा सबै परिषद्को समक्ष राखी उनको आज्ञानुसार इरन्दतिलाई लिएर ऊ आकाश मार्गबाट आफ्नो स्थानमा फर्क्यो । यस दृश्यले राजा अत्यन्त खुशी भयो । पण्डितलाई आलिंगन गरी प्रमुख आसनमा बसाल्यो । अनि नम्र शब्दले उनीसँग कुशल-समाचार सोध्यो– "जसरी सारथीले रथ चलाइन्छ, त्यस्तै तिमीले हामीलाई चलाई राखेको थियो । त्यसकारण तिमी देखी सबै कुरुवासी

साह्रै प्रसन्न छन् । तिमी त्यस माणवकको हातबाट कसरी मुक्त भएर आयौ ?"

बोधिसत्वले उत्तर दियो– "हे राजन ! जसलाई तपाईले 'माणवक' भन्नु भयो, वास्तवमा ऊ मनुष्य होइन । त्यो राजा कुवेरको अमात्य 'पुण्णक' नामक यक्ष हो । यस पृथ्वीलाई रक्षा गरिरहेका 'वरुण' भन्ने नागराजा छ । ती महान्, पवित्र, वर्ण तथा बल युक्त छ । उनको इरन्दति नामक नाग-कन्या छिन् । त्यस सुन्दरी कन्या प्राप्त गर्नको निमित्त पुण्णकले मलाई मार्न अनेकानेक कोशिस गऱ्यो । तर मेरो प्रज्ञाको बलले उसलाई सन्तोष गराएँ । नाग-कन्या पनि उसलाई प्राप्त भयो । त्यसैले उसले मलाई मुक्त गरिदियो । मणि-रत्न पनि दिएर ल्यायो ।

राजाले पनि आफ्नो स्वप्नको कुरो सबै परिषदहरूलाई बताई स्वप्नको वृक्ष-समान भइरहेका पण्डितलाई पूजा, सत्कार गर्न अनुज्ञा दियो । बन्दीहरूलाई बन्धनबाट मुक्त गरिदियो । एक महिना सम्म खेति गर्न बन्द गराई पण्डितको निमित्त भव्य रूपले उत्सव मनाउने योजना बनायो । राष्ट्रमा अधिकांश जनताको उपकारको निमित्त कडा व्यवस्थाको नियम नीति पनि बनायो ।

पण्डित आइपुगेको शुभसमाचारले नगरवासी, वैश्य-ब्राह्मण तथा सैनिक-सवार आदि सबैले प्रशस्त धन, अन्नादिले पूजा गर्न आए ।



पण्डितले उपस्थित जनताहरूलाई धर्मोपदेश दिई राजालाई पनि अनुशासित गऱ्यो । यसरी पण्डितको आयु भए सम्म आनन्द पूर्वक बसी मृत्यु पश्चात् देवलोकमा उत्पन्न भयो । उनको उपदेशानुसार राजा सहित कुरु-देश-निवासीहरू पनि पुण्यार्जन गर्दै आयु समाप्तिपछि देवलोकमा उत्पन्न भए ।

भगवान बुद्धले यस धर्म देशनाको अवशानमा भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू, तथागत अहिले मात्र प्रज्ञायुक्त, उपाय कुशल भएका होइनन् । विधुर पण्डित भइरहेको बेला पनि यस्तो कार्य-कुशलता दर्शाइएको थियो भनी प्रसङ्ग सहित व्याख्या गर्न सिध्याएर भन्नु भयो– "त्यस बेलाको पण्डित कुल अहिलेको शुद्धोदन कुल हो । जेष्ठ भार्या राहुल-माता, जेष्ठ-पुत्र राहुल, विमला उत्पलवर्णा, वरुण नागराजा सारिपुत्र, गरुड-राज मौद्गल्यायन, र शक्र अनुरुद्ध हुन् । धनञ्चय कौरव्य राजा आनन्द, पुण्णक यक्ष छन्दक र त्यस बेलाको परिषद् अहिलेको बुद्ध-परिषद् हो । विधुर पण्डित स्वयम् म नै हुँ ।

'विधुर जातक समाप्त ।'